जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक २२१ • २०८० साल पुस २३ गते सोमबार (8 January, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## राष्ट्रियसभा सदस्य निर्वाचन

# कांग्रेस र नेकपा एसलाई उम्मेदवार छान्न सकस, जसपाबाट चौधरी

**टुडे समाचारदाता**

काठमाण्डु। माघ ११ गते १९ सिटका लागि राष्ट्रियसभा सदस्यको निर्वाचन हुनेभएको छ। यस निर्वाचनका लागि सोमबार दलका उम्मेदवारले मनोनयन दर्ता गराउनु अघि सत्ता गठबन्धनदेखि प्रमुख प्रतिपक्षी दलसमेतले आ-आफ्नो उम्मेदवारको नाम टुंगो लगाउनमै व्यस्त छन्।

अधिकांश दलले आइतबार उम्मेदवार टुंगो लगाइसके पनि नेपाली कांग्रेस र नेकपा एकीकृत समाजवादीललाई भने उम्मेदवारको नाम टुंगो लगाउन सकस भएको छ।

यसपटक पनि एमाले एक्लै राष्ट्रियसभा सदस्यको निर्वाचनमा होमिने भएको छ। गठबन्धनसंग सहकार्य गर्ने प्रयास असफल भएपछि एमाले एक्लै १९ वटै सिटमा उम्मेदवारी दिने भएको छ। एमालेले उम्मेदवारको नाम टुंगो लगाइसकेका छन्।

त्यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि उम्मेदवार छनोट गरिसकेको छ। राप्रपाले १९ मध्ये ९ वटा सिटमा मात्र उम्मेदवारी दिने तयारी गरेको छ। अन्य प्रदेशमा भने एक-एक जना प्रदेशसभा सदस्य रहे पनि प्रस्तावक र समर्थक नभएका कारण राप्रपाले उम्मेदवारी नदिने जनाएको छ।

सत्ता गठबन्धन दलले पनि १९ सिटको भागबन्डास्वरुप कांग्रेसले १०, नेकपा माओवादी केन्द्रले ६, एकीकृत समाजवादीले २ र जनता समाजवादी पार्टी (जसपा) नेपालले १ सिट पाएको छ।




गठबन्धनमा भागबन्डा मिलेसंगै माओवादी र जसपाले उम्मेदवारको टुंगो लगाइसकेका छन्। माओवादीले कोशीबाट चम्पादेवी कार्की, बागमतीमा श्रीकृष्ण अधिकारी, गण्डकीमा मनरुपा शर्मा, लुम्बिनीमा झक्कु सुवेदी, कर्णालीमा विष्णु विश्वकर्मा र सुदूरपश्चिममा रेणु चन्दलाई उम्मेदवार बनाएको छ।

त्यस्तै एक सिट पाएको जसपाले पनि पुजा चौधरीलाई उम्मेदवार बनाएका छन्। तर, कांग्रेस र एकीकृत समाजवादीमा भने विवादका कारण उम्मेदवारको छिनोफानो गर्न सकेका छैनन्।

कांग्रेसमा संस्थापन इतर समूहका नेता शेखर कोइराला र महामन्त्री गगन थापा समूहले गठबन्धनबाट पाएको १० सिटबाट कम्तीमा ४ सिट आफ्नो समूहले पाउनुपर्ने दावी गरेपछि सभापति शेरबहादुर देउवा भने ३ सिट मात्र दिने संकेत गरेका छन्।

यता, एकीकृत समाजवादी पनि कसलाई उम्मेदवार बनाउने भन्ने निर्णय गर्न सकेको छैन। तीन सिट माग गरे पनि गठबन्धनबाट दुई सिट पाएको एकीकृत समाजवादीलाई पनि उम्मेदवार छनोटमा सकस भएको छ।

उम्मेदवार छान्न नसकेपछि सचिवालय बैठकले अध्यक्ष माधवकुमार नेपाल, उपाध्यक्ष राजेन्द्र पाण्डे र महासचिव घनश्याम भुसाललाई सर्वाधिकार दिएको छ।

# मिटर ब्याजविरुद्ध किसान-मजदुरको प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम। मिटर ब्याजविरुद्ध किसान-मजदुर संघर्ष समिति नेपालले जनकपुरधाममा आइतबार प्रदर्शन गरेको छ।

आर्थिक तथा सामाजिक अपराधको रुपमा स्थापित मिटर ब्याज तथा ठगीविरुद्ध पछिल्लो ३९ महिनादेखि आफूहरुले आन्दोलन गर्दै आए पनि सरकारले आफूहरुको माग पूरा नगरेको भन्दै समितिले जनकपुरधामा विरोध प्रदर्शन गरेका छन्।

स्थानीय तिरहुति गाछीबाट निकालिएको विरोध जुलुस राम चोक, जनक चोक, शिव चोक, भानु चोक, मिल्स एरिया हुँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको नजिक पुगेर कोण सभामा परिणत भएको थियो।

समितिले आफ्नो माग पूरा नभएको खण्डमा सशक्त आन्दोलन गर्ने चेतावनी सहितका मधेश प्रदेश सरकारलाई ज्ञापनपत्र समेत बुझाएको समितिका अगुवा राजाराम यादवले बताए। आन्दोलनमा मधेश प्रदेशका ८ वटै जिल्लाका साथै विभिन्न ३९ जिल्लावाट मिटर ब्याज पीडितहरु सहभागी थिए।

## प्रेस विज्ञप्ति

हालै केही सिमित अनलाईन मिडियाहरूद्वारा सुनियोजित तवरले श्रृंखलाबद्ध गरि फरक फरक शीर्षक राखी सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी प्रति नकरात्मक असर पुऱ्याउने हेतुले आफुखुसी अपव्याख्या गर्दै कपोलकल्पित, भ्रामक, अतिरंजित र तथ्यहीन र सत्य तथ्य नबुझी तथा विषयगत ज्ञान नराखी सिलसिलेवार तवरले समाचारहरूको सम्प्रेषण भएका यस्ता समाचारहरू प्रति सूर्यज्योति लाइफ इन्सोरेन्स कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ।

कम्पनीले सदैव संस्थागत सुशासन, बीमा ऐन र नीति नियमको अवलम्बन गर्दै आएको र नियमनकारी निकाय बीमा प्राधिकरणको प्रत्यक्ष निगरानी र निर्देशन अनुसार आफ्ना सम्पुर्ण कार्यसम्पादन गर्दै आएको साथै नेपाल सरकारका अन्य नियामक निकाय कम्पनि रजिस्ट्रारको कार्यालय, आन्तरिक राजस्व कार्यालय, नेपाल स्टक एकस्चेञ्ज (नेप्से), नेपाल धितोपत्र बोर्ड (सेबोन), सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत सबै सरोकारवाला नियामक निकायहरूको नीति, नियम र निर्देशनहरूको परिधि भित्र रही सो निर्देशनहरूको पूर्ण परिपालना गर्दै संस्थागत सुशासनलाई प्राथमिकता दिई कार्य गर्दै आएको व्यहोरा जानकारी गराउँदछौं।

तसर्थ केहि सिमित मिडियाहरूमा प्रकाशित समाचारहरू तथ्यहिन, आधारहिन र कपोलकल्पित रहेको र गलत आरोप लगाएर लाखौं बिमित, लाखौं शेयरधनी र हजारौं अभिकर्ताहरूको विश्वास जित्न सफल सूर्यज्योति लाइफ प्रति आम जनतामा नै भ्रम सिर्जना गर्ने र कम्पनीको प्रतिष्ठामा आँच पुऱ्याउने उद्देश्यले सुनियोजित तवरले प्रकाशित गरेको र यस्ता आधारहिन समाचारको पछि नलागी पुर्ण रूपमा निर्धक्क भई दृढ विश्वास राखी विगतमा झैं कम्पनीले जारी गरेको बीमालेख खरिद गर्न र अन्य सेवासुविधा लिनुहुन सबैलाई हार्दिक आग्रह गर्दछौं। कम्पनीसँग सम्बन्धित यहाँहरूको कुनै सुझाव वा गुनासो भएमा नजिकको शाखा कार्यालय वा कम्पनीको इमेल मार्फत उपलब्ध गराइदिनुहुन समेत अनुरोध गर्दछौं।

साथै हामीलाई विश्वास गरेर सूर्यज्योति लाइफको साख एवं श्रीवृद्धिका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा हामीसँग आवद्ध सम्पूर्ण शुभेच्छुकहरू प्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछौं।

SuryaJyoti
जीवनको लागि
ISO 9001:2015 CERTIFIED

**सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ | फोन : ०१-४५४५९४१/४२
इमेल : info@suryajyotilife.com | वेबसाइट : www.suryajyotilife.com

# माग सम्बोधनपछि बरहथवामा आन्दोलन स्थगित

**टुडे समाचारदाता**

मलंगवा। बरहथवा घटनामा आन्दोलनरत पक्षको माग सम्बोधन हुने सहमति भएुसंगै आन्दोलनका सम्पूर्ण कार्यक्रम स्थगित गरिएको छ।



अस्पतालका विषयमा विवाद हुँदा प्रहरीले चलाएको गोलीबाट स्थानीय जयशंकर साहको मृत्यु भएपछि विगत दुई दिनदेखि तनावग्रस्त वनेको बरहथवामा स्थानीय र प्रशासनबीच भएको सहमतिपछि आन्दोलन स्थगित गरिएको छ।

विगत दुई दिन देखि शव सडकमै राखेर आन्दोलन गरिरहेका स्थानीय तथा पीडितहरु सहमतिपछि मृत्यु भएका साहको शव उठाउन सहमत भएका छन्।

जिल्ला प्रशासन कार्यालय सर्लाहीमा सर्वदलीय-सर्वपक्षीय छलफलपछि बरहथवास्थित नगर अस्पताल यसअघि नगर कार्यपालिकाको निर्णयबमोजिम मधेशप्रदेशसरकारलाईहस्तान्तरण गर्ने, स्तरोन्नति गरेर ५० शैय्याको बनाउने, सो अस्पताललाई प्रहरीको गोली लागेर मृत्यु भएका जयशंकर साहको नामबाट नामकरण गर्ने र नगरपालिकाले मृतकको परिवारलाई रोजगारी प्रदान गर्ने सहमति भएको जनाइएको छ।

आइतबार साँझ मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्रप्रसाद सिंह, बरहथवा नगरपालिकाकी नगर प्रमुख कल्पनाकुमारी कटुवाल, सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमला, प्रदेश तथा जिल्लाका सुरक्षा अधिकारी, राजनीतिक दलका प्रमुख, आन्दोलनरत र पीडित पक्षबीच सहमति भएको छ।

नगरप्रमुख कटुवालले सो अस्पताल मधेश प्रदेश सरकारलाई हस्तान्तरण गर्ने निर्णय उल्ट्याउन कार्यपालिकाको बैठक बोलाएको विरोधमा प्रदर्शन हुँदा भएको झडपमा प्रहरीको गोली लागेर शुक्रबार बरहथवा नगरपालिका वडा नम्बर ६ का ३० वर्षीय साहको मृत्यु भएको थियो।

उनको मृत्यु भएपछि झन् उग्र बनेका आन्दोलनरत प्रदर्शनकारीले साहको शव सडकमै राखेर प्रदर्शन गर्दै आएका थिए। शनिबार दिनभर प्रदर्शन रोक्ने प्रयास भए पनि स्थानीय प्रशासन विफल भएको थियो।

शुक्रबार बेलुका कर्फ्यु लगाएको स्थानीय प्रशासनले शनिबार खुला गरेपनि आइतबार फेरि कर्फ्यु जारी गर्न बाध्य भएको थियो।

यस घटनामा छानविन गर्न केन्द्र सरकारले ३ सदस्यीय छानविन समितिसमेत बनाएको छ भने यस अघि सरकारले मृतकका परिवारलाई १० लाख रुपैयाँ राहत दिने निर्णय गरेको थियो।

मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल

ANJANI SUITE

विशेषताहरु
- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्यूजन रेष्टुरेन्ट, पार्टी हल, कन्फ्रेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

सम्पर्क
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा



# राष्ट्रियसभा सदस्य निर्वाचनको सोमबार उम्मेदवारी दर्ता




काठमाण्डु । राष्ट्रियसभा सदस्यको रिक्त १९ पदमा आगामी माघ ११ गते हुने निर्वाचनका माघ २३ गते सोमबार उम्मेदवारी मनोनयन पत्र दर्ता कार्यक्रम हुँदैछ ।

उम्मेदवारी मनोनयन दर्ता गर्नुअघि आयोगका तर्फबाट गरिनुपर्ने सम्पूर्ण तयारी र कार्य जिम्मेवारी पूरा गरिएको निर्वाचन आयोगका प्रवक्ता शालीग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

मुलुकका सातै प्रदेश मुकाममा स्थापना गरिएका निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयन पत्र दर्ता बिहान १० बजेदेखि अपराह्न ३ बजेसम्म हुनेछ ।


उक्त निर्वाचनका लागि आयोगले यही पुस ४ गते नै मतदाता नामावली स्वीकृत गरेको थियो । यस निर्वाचनमा प्रदेशसभा सदस्य र गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख मतदाता हुने कानुनी व्यवस्था छ । कानुनी व्यवस्थाअनुरुप प्रदेशसभा सदस्य पाँच सय ४९ र पालिका प्रमुख र उपप्रमुख गरी जम्मा २०४७ जनाको मतदाता नामावलीमा स्वीकृत भएको छ । तीमध्ये प्रदेशसभा सदस्यको मतभार ५३ तथा पालिका प्रमुख र उपप्रमुखको मतभार १९ हुनेछ ।

उक्त निर्वाचनमा प्रदेशसभा सदस्यको कूल मतभार २९ हजार ९७ र पालिका प्रमुख र उपप्रमुखको कूल मतभार २८ हजार चार सय ६२ रहने आयोगले जनाएको छ । आयोगका अनुसार मतदाताको नामावली प्रकाशित तथा दाबी विरोधलगायतका कार्य पूरा भई आजै मतदाताको अन्तिम नामावली प्रकाशन भएको छ । उम्मेदवारीउपर यही पुस २४ गते दाबी विरोध र उजुरी, २५ र २६ गते जाँचबुझ गरी उम्मेदवारीको नामावली प्रकाशन हुनेछ भने २७ गते नाम फिर्ता लिन चाहने उम्मेदवारको नाम फिर्ता र उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ । उम्मेदवारलाई निर्वाचन चिह्न भने यही पुस २८ गते उपलब्ध गराउने कार्यक्रम छ ।

यस निर्वाचनमा मतदानका लागि मुलुकका सात प्रदेशमा एक-एक मतदानस्थल र दुई-दुई वटा मतदान केन्द्र कायम गरिएको छ । मतदान भने माघ ११ गते विहान ९ बजेदेखि दिउँसो तीन बजेसम्म हुनेछ ।

माथिल्लो सदनका रुपमा रहेको प्रबुद्ध समूहको प्रतिनिधित्व हुने ५९ सदस्यीय राष्ट्रियसभाका एक तिहाइ सदस्यको कार्यकाल प्रत्येक दुई वर्षमा सकिन्छ भने कार्यकाल छ वर्ष हुन्छ । अघिल्ला वर्षमा जस्तै यस निर्वाचनमा पनि विभिन्न प्रदेश र क्षेत्रबाट महिला, दलित, अपाङ्गता भएका व्यक्ति वा अल्संख्यक र अन्य समुदायबाट सदस्यको चयन हुनेछ ।रासस

# पृथ्वीनारायण शाहको आलोचनात्मक इतिहास




काठमाण्डु । कुनै कालखण्डमा कुनै व्यक्तित्वप्रति राखिएको दृष्टिकोण सधैँ एउटै हुँदैन । नेपाली इतिहासका ऐतिहासिक व्यक्तित्वहरूको पुनर्मूल्याङ्कन हुनुपर्छ भन्नेमा विद्वान्हरूले मत जाहेर गरिरहेका छन् । पृथ्वीनारायण शाह, जङ्गबहादुर राणा, बिपी कोइराला, महेन्द्र शाहलगायत व्यक्तिमाथि कुनै समय राखिएको विचार समयका दौरानमा परिवर्तन हुँदै, थोरै मात्र आलोच्य हुँदै गइरहेको पढ्न पाइन्छ । हरेक वर्ष खास गरी पुस २७ का वरिपरि उनका पक्षविपक्षमा पत्रपत्रिकामा लेखरचनाको जुहारी चल्ने तथा अन्तर्क्रिया-बहस हुने गरेको छ । राणाकालमा नाम नै उच्चारण नै गर्न नहुने भनिएका पृथ्वीनारायणलाई पञ्चायतकालभरि नेपाल एकीकरणकर्ता र राष्ट्रिय एकताका प्रतीकका रूपमा मानिरहेका अवस्थामा पछिल्लो समय खासगरी माओवादी सशस्त्र द्वन्द्वकाल र त्यसयता जातीय राज्यको मागसँगै उनलाई विस्तारवादी, राज्य केन्द्रीयतावादी र क्रूरताका नायक मान्नेहरू पनि जन्मँदै गरेको अवस्था छ । उनको जन्मदिनमा बिदा दिने-नदिने, राज्यस्तरबाट सभासमारोह गर्ने-नगर्ने चलन पनि चल्दै हाल सरकारी तवरबाट सार्वजनिक बिदा दिने निर्णय पनि हुन थालेको स्थिति छ । पृथ्वीनारायणको आलोचना नेपाली व्यापक राष्ट्रिय एकता वृद्धि गर्ने सोचाइबाट नै आएको छ भने त्यसलाई मान्नु बेस हुने छ । "देवत्वकरण इतिहास लेखनको मर्म र धर्म विपरीत पक्ष हो । ...ढाकछोप गरिएका सत्यलाई उजागर गर्ने समय आयो ", लेखकले भूमिकामा लेखेर प्रस्तुत कृति लेखनको आफ्नो अभीष्ट स्पष्ट पार्नुभएको छ, जुन स्वाभाविक पनि हो ।

साहित्यकार-पत्रकार हुँदै प्रवास बसाइका क्रममा इतिहास अनुसन्धाताको परिचय बनाउनुभएका राजकुमार दिक्पालले 'जङ्गबहादुरको युग : ऐतिहासिक अध्ययन' (साङ्ग्रिला पुस्तक प्रा. लि., २०७९) र तामाङलगायत अन्य सीमान्तकृतहरूले गरेको विद्रोह समेटिएको 'आदिवासी विद्रोहको इतिहास' (मञ्जरी पब्लिकेशन, २०७९-किरात एकेडेमी पुरस्कार प्राप्त), ' मगर इतिहास' (मनोज घर्तीसँग संयुक्त) र हाल 'पृथ्वीनारायण शाह : आलोचनात्मक इतिहास' (मञ्जरी पब्लिकेशन, २०८०) प्रकाशनसँगै बेलाबखत पत्रपत्रिकामा नेपाली इतिहासका विविध पक्षलाई उधिन्दै पनि आउनुभएको छ । धनकुटादेखि राजधानीको बसाइ हुँदै हाल प्रवासमा रहनुभएका लेखकले आफ्नो सीमित समयमा पनि इतिहासजस्तो प्रामाणिकता खोज्ने विषयमाथि सदैव घोत्लिएर कृतिहरू प्रकाशन गर्दै जानु सराहनीय छ र गहन विषय समातिएको उहाँको पछिल्लो कृति उहाँको अनुसन्धानको भोकबाट सृजना गरिएकाले पठनीय नै हुन सक्छ ।

बाइस अध्यायमा लिखित समीक्ष्य कृतिमा पृथ्वीनारायणको मूल कार्यमा आलोचना गर्ने वा उनलाई विस्तारवादी-केन्द्रवादी भन्नेतिर नगई उनले बाल्यावस्था, युवराज काल र राजा भएपछि एकीकरणलगायत विभिन्न व्यवहारका क्रममा नकारात्मक काम, अमानवीयता र क्रूरताका पक्ष तथा केही जनमानसमा फैलन नसकेका घटना, व्यापारिक काम आदिबारे उधिन्ने प्रयास गरिएको छ ।

पृथ्वीनारायणको जन्म नै भूटानी लामा लोपाबाट भएको बौद्धपूजा र तान्त्रिक अनुष्ठानबाट भएको रोचक विवरण उल्लेख गर्दै गोरखा फौजलाई भोटका फौजले घेरिरहेका बखत भोटसँग सन्धि गरिदिएबापत उनी र अन्य लामालाई ताम्रपत्र जारी गरेर गुम्बा दान गरेको जनाइएको छ । उनले जनताका बारीका उखुबारीमा उखु चोर्नेदेखि लिएर अर्काको गहना र हात्तीमाथि आँखा गाडेका घटना तथा बेलाबखत भाइभारदार र शत्रु राज्यका मानिसहरूलाई कुनै न कुनै दोष देखाएर कटाउने-मराउने कुरामा आदेश दिएको भनी लेखकले जिकिर गर्नुभएको छ । राजा हुनेबित्तिकै बनारस गई हातहतियारसहित फर्कंदा सीमा भन्सारमा जाँचका क्रममा त्यहाँका कर्मचारीलाई कटाएको र आफ्नो ज्यान जोगाउन नै मुस्किल परेको, कीर्तिपुर युद्धमा पनि आफ्नै हठले युद्ध गर्न पुग्दा आफैँ झन्डै मारिएकोजस्ता घटना पनि उनीसँग सम्बन्धित छन् । उनका मकवानपुर र गोरखपुरका गरी दुई रानी इतिहासमा सर्वत्र लेखिए पनि भक्तपुर बसाइका क्रममा एक नेवार कन्या पनि प्राप्त गरेको कुरा चाहिँ धेरैलाई थाहा नहोला, जुन यस कृतिमा उल्लेख गरिएको छ । नुवाकोटबाट लखेटिएर कान्तिपुरका उमराव बनेका जयन्त रानालाई बेलकोट विजयपछि छाला काढेर मारिएको, तनहुँका राजा त्रिविक्रमले डोलीमा बोकिएर गएकी आफ्नी बिरामी रानीमाथि नजर लगाएको आरोपमा उनलाई पनि पक्राउ गरेको पनि उल्लेख छ जुन अन्यत्र पनि आएकै कुरा हो । भादगाउँ विजयपछि राजा तथा मितबा रणजित मल्ल र भागेर त्यहाँ पुगेका जयप्रकाश मल्लका हकमा सम्मान नै गरेका पृथ्वीनारायणले त्यहीँ शरण लिन आएका अर्का राजा तेजनरसिंह मल्ललाई भने कोर्रा हान्न लगाएको प्रसङ्ग पनि यहाँ आएको छ । कीर्तिपुरमा लडाइँ गर्ने परिस्थिति नभएको भनी काजी कालु पाँडेले सल्लाह दिँदादिँदै पनि आक्रमण गर्दा पाँडेको निधन राजहठले भएको कृतिमा स्पष्ट गरिएको छ । बन्दुकका बलमा निर्दोषको नरसंहार, तिमालकोटको युद्धमा छलकपट, कीर्तिपुरेको नाक-कान कटाइ, कमारा-कमारी राख्न दिने चलन, नगरकोटीको संहार र माझकिरातमा अत्याचार जस्ता आलोचनात्मक पक्षको पनि चर्चा गरिएको छ । कृतिका सबै अध्यायमा पृथ्वीनारायणको मात्र नभएर भाइ, भारदार, छोरा, नातिहरूका नकारात्मक पक्षमाथि पनि कलम चलाएर यसलाई सामान्य विस्तार गर्ने प्रयास भएको छ । भूटानसँगको सम्बन्ध र 'दिव्योपदेश' को उत्पत्तिबारे कृतिमा चर्चा गरिए पनि त्यसमा खासै आलोचना गरिएको छैन ।

पृथ्वीनारायणले एकीकरणको अभियान चलाएर नेपालको सिमाना विस्तार गरेको वा पुनःस्थापना गरेको कुरा प्रायः सबै कृतिमा पाइने भए पनि प्रस्तुत कृतिमा त्यस कर्मलाई गोरखा 'राज्य विस्तारको योजना' भनी प्रसङ्गवश कतै कतै मत बुझाइएको छ ।

लेखक दिक्पालले यी सबै लेखनमा बाबुराम आचार्य, नयराज-महेशराज-दिनेशराज पन्त, धनबज्र बज्राचार्य, योगी नरहरिनाथ, डा राजेश गौतम, मोहनप्रसाद खनाल, चित्तरञ्जन नेपाली, सूर्यविक्रम ज्ञवाली, इमानसिंह चेम्जोङजस्ता इतिहासकार, विद्वान् एवं लेखकका कृति तथा लेखरचनाबाट उद्धृत गर्दै आफ्नो विश्लेषण पनि दिनुभएको छ ।

कृतिमा तथ्यतथ्याङ्क र वाक्यमा निकै पुनरुक्ति छन् । पत्रकारको पनि परिचय बनाएका युवा लेखक दिक्पालले एकै विषयमा ठाउँठाउँमा दोहोऱ्याई तेहऱ्याई लेख्दा पाठकलाई झिँजो लाग्नु स्वाभाविक छ । सामान्य वाक्य संरचना र वर्णविन्यासमा त्रुटि छन् । कोलम्बसले अमेरिका पत्ता लगाएको सन् १४९२ हुनुपर्नेमा १५४९ भएको छ ।

प्रस्तुत कृतिमा लेखकले पीडितका पक्षलाई पनि अध्ययनअनुसन्धानबाट उजागर गर्ने प्रयास गर्नुभएको छ । यसमा प्राप्त तथ्यतथ्याङ्कमा विश्लेषण गरी आफ्नो धेरथोर राय दिनेसम्मको काम भएको छ । यसर्थ प्रस्तुत कृतिलाई मौलिक मान्न नसकिए पनि राष्ट्रिय विभूतिको आलोचनात्मक पक्षलाई पनि उजागर गरिदिएर लेखकले इतिहासका विद्यार्थी र पाठकहरूलाई गुन लगाउनुभएको छ । साहित्यकार-इतिहासकार वैरागी काइँलालाई समर्पण गरिएको कृतिमा प्रस्तुत गरिएका उनका कमीकमजोरीले उनको राष्ट्रनिर्माताको छवि भने धुमिल नहुने स्पष्ट छ ।रासस

# उपभोक्ताहित समितिको उपसमिति बनाउनेबारे छलफल



काठमाण्डु । प्रतिनिधिसभाअन्तर्गत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिले आफ्ना कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि उपसमिति बनाउनेबारे आइतबारको बैठकमा छलफल गरेको छ ।

समितिका सभापति अब्दुल खाँनले समितिमा उठेका विषयवस्तुलाई प्राथमिकता राखी काम गर्न उपसमिति आवश्यक रहेको बताउनुभयो । उहाँले समितिका सदस्यले आवश्यक ठानेमा उपसमिति चाँडै बनाउने कुरा व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "समितिमा आएका विषयवस्तुको जरैसम्म पुग्नका लागि उपसमिति बनाउन खोजिएको हो । यसमा सदस्याहरुको ठोस सल्लाह सुझाव आएपछि थप निर्णय गर्नेछौं ।"

समितिका सदस्य रमा कोइराला पौड्यालले उपसमिति आवश्यक नरहेको धारणा व्यक्त गर्नुभयो । आफ्नो समितिअन्तर्गतका महत्वपूर्ण मुद्दालाई पन्छ्याएर उपसमिति बनाउनेबारे छलफल गर्न आवश्यक नरहेको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो, "बालकुमारी घटना, व्यापारीको उद्योगमा विद्युत् काटेको विषयवस्तुलगायत समस्यालाई समितिमा छलफलको विषयवस्तु बनाउनुपर्छ । अहिले उपसमिति बनाउनेतिर लाग्न आवश्यक छैन ।"

समितिका सदस्य शान्ती चौधरीले उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ताहित समितिलाई उपसमिति आवश्यक रहेको बताउनुभयो । उहाँले समितिको उपसमितिलाई छिटो पूर्णता दिनसके समितिको काममा केही सहजता हुनसक्ने धारणा व्यक्त गर्नुभयो ।

समितिका सदस्य अमृता देवी अग्रहरीले समितिका कामलाई थप प्रभावकारी बनाउन उपसमिति आवश्यक रहेको बताउनुभयो । मूल समितिमा बसेर पनि आवश्यकताअनुसार उपसमितिको काममा सदस्यले सहयोग गरेमा उपसमितिको प्रभाव देखिनसक्ने उहाँको भनाइ थियो ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद तथा समितिका सदस्य असिम शाहले उपसमिति बनाउने या नबनाउने बारेमा छिटो निर्णय हुनुपर्ने बताउनुभयो । त्यस्तै समितिका सचिव रामकुमार पौडेलले सुदूरपश्चिम प्रदेशको कैलाली, कञ्चनपुर जिल्ला, लुम्बिनी प्रदेशको बाँके र गण्डकी प्रदेशको कास्की, पोखरा, स्याङ्जा जिल्लामा गरिएको बजार अनुगमनसम्बन्धी प्रतिवेदन, २०८० का बारेमा समितिका सदस्यले थप सल्लाहसुझाव अर्को बैठकमा दिन अनुरोध गर्नुभयो ।रासस

# माओवादी केन्द्रले टुङ्गो लगायो उम्मेदवार

काठमाण्डु । नेकपा (माओवादी केन्द्र)ले राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि उम्मेदवार टुङ्गो लगाएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा आज बसेको पार्टीको पदाधिकारी बैठकले उम्मेदवार टुङ्गो लगाएको हो ।

माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेलका अनुसार कोशी प्रदेशबाट चम्पादेवी कार्की, बागमती प्रदेशमा श्रीकृष्ण अधिकारी, गण्डकी प्रदेशमा मनरुपा शर्मा, लुम्बिनी प्रदेशमा झक्कु सुवेदी, कर्णाली प्रदेशमा विष्णु विश्वकर्मा र सुदूरपश्चिम प्रदेशमा रेणु चन्दलाई उम्मेदवार बनाउने निर्णय भएको छ ।

सत्ता गठबन्धनको आइतबार बसेको बैठकले संयुक्तरुपमा उम्मेदवार उठाउने निर्णय गर्दै सिट बाँडफाँट गरेको थियो । सोही बाँडफाँटमा माओवादी केन्द्रको भागमा छ सिट परेको थियो । सत्तागठबन्धनको बैठकलगत्तै बसेको पदाधिकारी बैठकले उम्मेदवार तय गरेको हो ।

राष्ट्रियसभा सदस्यका लागि सोमबार मनोनयन हुँदैछ । आगामी माघ ११ गते राष्ट्रियसभा सदस्यको रिक्त सदस्यका लागि निर्वाचन हुँदैछ ।रासस

# कोशी प्रदेशको मुख्य न्यायाधिवक्तामा कोइराला



मोरङ । कोशी प्रदेशप्रमुख परशुराम खापुङले प्रदेशको मुख्य न्यायाधिवक्तामा रुपेश कोइरालालाई नियुक्त गर्नुभएको छ ।

प्रदेशप्रमुख खापुङले प्रदेशका मुख्यमन्त्री केदार कार्कीको सिफारिसमा नेपालको संविधानको धारा, १६० को उपधारा(२) बमोजिम विराटनगर महानगरपालिका-९ निवासी कोइरालालाई आइतबार उक्त पदमा नियुक्त गरेका हुन् ।

उच्च अदालत विराटनगरका मुख्य न्यायाधीश रमेशप्रसाद राजभण्डारीले प्रदेशप्रमुखको कार्यालयमा आइतबार आयोजित एक समारोहमा नवनियुक्त मुख्य न्यायाधिवक्ता कोइरालालाई पद तथा गोपनीयताको शपथ गराए । त्यस अवसरमा प्रदेशप्रमुख खापुङ, मुख्यमन्त्री कार्की, प्रदेशका मन्त्री तथा प्रदेश मन्त्रालय र निकायका उच्चपदस्थ अधिकारीहरुको उपस्थिति थियो । रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| बृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मिटरब्याज तथा ठगी विरुद्ध आइतबार जनकपुरधाममा विरोध प्रदर्शनमा उत्रिएका पीडितहरु। तस्वीर : हदिस खुदार

# वन विनाश ऐन नबनाउन प्रधानमन्त्रीलाई अभियानी यादवको आग्रह




**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई वन विनाश गर्ने ऐन नबनाउन चुरे तथा वनजंगल संरक्षण अभियानका संयोजक सुनिल कुमार यादवले आग्रह गरेका छन्।

सप्तरी देखि वीरगंज सम्म चुरे संकल्प यात्रा थालेका चुरे अभियानी यादवको यात्रा जनकपुरधाम पुगेको छ । जनकपुरधाममा पत्रकारहरुसंग साभा हुदै प्रधामन्त्री प्रचण्डलाई सुकुम्वासी बसाउनेको नाउमा वन विनास नगर्न उनले आग्रह गरेका हुन् । आइतबार टिम सहित जनकपुरधाम पुगेका अभियानी यादवले हरियो वन नेपालको धन भन्ने नारा पहिले देखि नै रहदै आएकोमा वन विनाश गरि मुलुकलाई पानीको समस्या बढाउनुभन्दा खाली रहेका हजारौ विगहा जग्गामा सुकुम्वासीलाई बसाउन उनले आग्रह गरे । उनले भने,'कुनै बेला माओवादीलाई सोहि बनले रक्षा गरेको थियो तर अहिले आएर सोहि वनलाई विनाश गर्ने किसीमको ऐन बनाउनमा लाग्नु अत्याचार भन्दा अरु केहि छैन ।'वन विनाश गर्ने ऐन बनाइए सिंह दरबार घेरा गर्ने उनले चेतावनी समेत दिएका थिए। सप्तरीको कोशीबाट चुरे संकल्प यात्रा सुरु गरेका अभियानी यादव हुलाकी मार्ग हुदै वीरगंजमा यात्रा टुंग्याउने छ । चुरे संरक्षण देखि लिएर ,सिर्सिया नदी संरक्षण र भुमीहिनलाई लालपुर्जा सहितका माग राख्दै अभियानी यादवले चुरे संकल्प यात्रा सुरु गरेको जनाइएको छ । अभियानी यादव यसभन्दा पहिले पनि चुरे संरक्षणको माग गर्दै पटक पटक आन्दोलन गर्दै आएको छ।

# कार्यान्वयन गर्न सकिने आयोजना मात्र तयार गर्न सांसदको सुझाव

**टुडे समाचारदाता**

काठमाण्डु। प्रतिनिधिसभाका सदस्यहरूले आवश्यकता र औतित्यताका आधारमा कार्यान्वयन गर्न सकिने आयोजना मात्र तयार गर्न राष्ट्रिय योजना आयोगलाई सुझाव दिएका छन् ।

अर्थ समितिका आइतबारको बैठकमा राष्ट्रिय योजना आयोगबाट प्रस्तुत १६औँ पञ्चवर्षीय योजनाको मस्यौदामाथिको छलफलमा उनीहरूले १५औँ पञ्चवर्षीय योजनाको समीक्षा गर्दै आगामी कार्ययोजना बनाउन आग्रह गरे ।

पूर्वअर्थमन्त्री एवं समिति सदस्य विष्णुप्रसाद पौडेलले योजना छनोट गर्ने भूमिका आयोगलाई हुनुपर्ने धारणा राखे। योजना आयोगलाई निर्देशित गर्ने छुट्टै कानुन आवश्यक भएको उनले उल्लेख गरे ।

सांसद पदम गिरीले १६औँ योजनाको अवधारणाअघि अघिल्लो योजनाको राम्रो समीक्षा गर्न जरुरी रहेको बताए । उनले मलुकको अर्थतन्त्रको सवलीकरण, आत्मनिर्भर अर्थतन्त्रको विकास, रोजगारी सिर्जनालगायतका विषयलाई प्राथमिकता दिएर योजना बनाइनुपर्ने खाँचो औँल्याए ।

सांसद सूर्यबहादुर थापा (क्षेत्री) ले १६औँ योजनाको सोच र लक्ष्य वस्तुपरक र व्यावहारिक हुनुपर्ने धारणा राखे । उनले लहडमा आयोजना राख्ने र पछि कार्यान्वयनमा समस्या हुने गरेको भन्दै कार्यान्वयनमुखी योजनमा ध्यान दिन आयोगलाई सुझाव दिए।

सांसद पूर्णबहादुर तामाङले समयसापेक्ष विकासको आवश्यकता र औचित्यताका आधारमा विकास आयोजना छनौट हुनुपर्ने बताए। उनले गरिब जनताको स्वास्थ्य उपचारका लागि हरेक प्रदेशमा रु एक अर्ब बजेट विनियोजन गरिनुपर्ने माग गरे।

सांसद नारायणप्रसाद आचार्यले योजना आयोगलाई स्वायत्त निकायको रुपमा काम गर्ने वातावरण बनाइनुपर्ने धारणा राखे । सांसद विराजभक्त श्रेष्ठले आवश्यकताको आधार र समय समय सापेक्षताको सिद्धान्तमा आयोगले योजना ल्याउनुपर्ने बताए । सांसद विनोद चौधरीले योजना आयोगलाई स्वायत्त बनाइनुपर्ने विचार व्यक्त गरे।

सांसद मुक्ताकुमारी यादवले दिगो लक्ष्य हासिल गर्न धेरै समय नभएकाले सोही अनुकूल आयोजनालाई प्राथमिकता दिनुपर्नेमा जोड दिए । सांसद गङ्गा कार्कीले साना उद्योगको प्रवर्द्धन, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्यलगायत क्षेत्रलाई प्राथमिकतामा राखेर योजना तर्जुमान गर्नुपर्ने सुझाव दिए।

सांसद मेटमणि चौधरीले रोजगारी सृजना, निर्यात बढाउने र आयात घटाने तथा व्यापार घाटा कम गर्ने र गरिबी निवारणजस्ता कार्यक्रमलाई योजनामा प्राथमिकता दिनु आग्रह गरे।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले विगतका योवजनाको अभ्यासका आधारमा १६औँ योजनाको मस्यौदा बनाईएको भन्दै संक्षिप्त र कार्यान्वयनयोग्य आयोजनालाई प्राथमिकता दिइने उल्लेख गरे।

आयोगले १६औँ योजनामा 'सुशासन, सामाजिक न्याय र समृद्धि' सोचसहित राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्नु, स्वास्थ्य, शिक्षा, रोजगकारी, आवास तथा अन्य क्षेत्रमा सामाजिक न्याय स्थापित गर्दै मानवीय जीवन र राष्ट्रिय अर्थतन्त्रमा समृद्धि हासिल गर्ने उद्देश्य लिइएको छ।

# गुणस्तीय बीउ उत्पादन तथा भण्डारणको लागि कृषकलाई तालिम




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाकको सबैला नगरपालिका खरिहानीमा कृषकहरुलाई गुणस्तीय बीउ उत्पादन तथा भण्डार सम्बन्धि तालिम दिईएको छ।

नेपाल कृषि अनुसन्धान परिषद (नार्क) अन्तर्गतको राष्ट्रिय बीउ विज्ञान प्रविधि अनुसन्धान केन्द्र खुमलटार, ललितपुरद्वरा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना धनुषा सँगको सहकार्यमा कृषकहलाई एक दिवसिय उक्त तालिम दिईएको हो।

तालिम पश्चात सहभागि कृषकहरुलाई पिक्स ब्याग समेत वितरण गरिएको छ। उक्त पिक्स ब्यागको प्रयोगले लामो समयसम्म अनाज तथा बीउ चिसो, मुसा, किरा आदिबाट जोगाउन सकिने तथा सुरक्षित रुपमा भण्डारण गर्न सकिने प्राविधिकहरुको भनाई छ।

त्यसैगरि कृषकहरुलाई सोहि स्थानमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना धनुषाद्वरा चैते धान उत्पादन प्रविधि र प्रवर्धदन सम्बन्धी छुट्टै बालीवस्तु विशेष स्थलगत तालिम समेत दिइएको थियो।

> पिक्स ब्यागको प्रयोगले लामो समयसम्म अनाज तथा बीउ चिसो, मुसा, किरा आदिबाट जोगाउन सकिने तथा सुरक्षित रुपमा भण्डारण गर्न सकिने प्राविधिकहरुको भनाई छ।

यस वर्ष नेपाल सरकारले चैते धानको लागि समेत न्यूनतम समर्थन मूल्य तोक्ने तथा उक्त धानको उत्पादन प्रवर्धन सम्बन्धी छिट्टै एक विशेष प्याकेज कार्यक्रम संचालन हुने संभावना प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना धनुषाका प्रमुख ललनकुमार सिंहले बताए । परियोजना कार्यालयदारा धनुषा र महोत्तरीका तरकारी, माछा र आँप जोन क्षेत्रहरुमा उन्नत प्रविधि र स्थलगत तालिम सहितका विभिन्न कार्यक्रमहरु संचालन गरिने उनले बताए।

# ई-रिक्सा संगठनद्वारा आन्दोलनको चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल ई-रिक्सा मजदुर संगठनले सात बुँदे माग राख्दै जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएको छ।

आइतबार जनकपुरधाममा नेपालई-रिक्सामजदुरसंगठनधनुषाले प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डेलाईज्ञापनपत्रबुझाउँदैजकपुरधाम उपमहानगरपालिका अन्तर्गतमा राखेर विभिन्न व्यवस्थापनको माग गर्दै सात दिन भित्रमा पुरा नभएमा आन्दोलनको चेतावनीसमेत दिएको छ।

जनकपुरधाम उपमहानगरपालिकाको कार्यालया ई-रिक्साको दर्ता हुनुपर्ने, ई-रिक्सा चालकहरुलाई अनुमतिपत्र उपलब्ध गराउनुपर्ने, जनकपुरधाम उपमहानगर अन्तर्गत रहेको चोकहरुमा ई-रिक्सा स्टेण्डको व्यवस्था हुनुपर्ने, ई-रिक्सा चालकहरुलाई स्वास्थ्य जाँच तथा जीवन बिमा उपलब्ध गराउनुपर्ने, संस्थासंग छलफल र समन्वय गरी जनकपुरधाम उपमहानगरले दर रेट निर्धारण गर्नुपर्ने माग सात दिन भित्रमा पुरा नभएमा चरणवद्ध आन्दोलन गर्ने चेतावनी दिएको संगठनका धनुषा अध्यक्ष वीरेन्द्र महतोले बताए।

उनले हाम्रो माग पुरा नभए सात दिनपछि चरणवद्धरुपमा आन्दोलन गर्ने बताए।

# दुर्घटनामा एक युवकको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको गौशालामा भएको दुर्घटनामा एक अपरिचित पुरुषको मृत्यु भएको छ।

जिल्लाको गौशाला नगरपालिका वडा नम्बर १ स्थित रामनगर जंगल स्थित रेल्वे ट्रैक पुल देखि करिब १ किलोमिटर दक्षिण सम्सी-माईस्थान (उत्तर दक्षिण) सडक खण्डमा नामथर वतन नखुलेको अन्दाजी ३२ वर्षिय पुरुषको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

गौशाला नगरपालिका वडा नम्बर ५ अन्दाजी ३८ वर्षिय गणेश प्रसाद साहले चलाएर लगेको ज. ६ प ४८४६ नम्बरको मोटरसाईकलले ठक्कर दिँदा घाइते भएकोमा उनलाई तत्काल उपचारको लागि बर्दिबास अस्तालमा लग्दा उपचार हुन नपाउँदै ती ३२ वर्षिय युवक घाइतेको मृत्यु भएको हुँदा मृतक लाशको पोष्टमार्टम लगायतको प्रारम्भिक अनुसन्धान कार्य सम्पन्न भएको महोत्तरीका सुचना अधिकृत तथा प्रहरी नायव उपरीक्षक दिलीपकुमार गिरीले बताए।

यता मोटरसाइकल चालक गणेश प्रसाद साहलाई पक्राउ गरी थप अनुसन्धान कार्य इलाका प्रहरी कार्यालय गौशालामा भइरहेको उनले बताए।

# भारोत्तोलनमा भाग लिने खेलाडीको बिदाइ




**टुडे समाचारदाता**

राजविराज । भक्तपुरमा आयोजना हुने २६ औं पुरुष तथा ११ औं महिला राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा भाग लिने सप्तरीका खेलाडीहरुलाई आइतबार बिदाइ गरिएको छ।

जिल्ला खेलकुद विकास समितिको कार्यालयमा भारोत्तोलन संघ सप्तरीले एक कार्यक्रमको आयोजना गरी खेलाडीको बिदाइ गरेको छ।

भक्तपुरमा पुस २४ देखि पुस २६ सम्म संचालन हुने प्रतियोगितामा सप्तरीबाट ६ पुरुष र ५ महिला गरी ११ खेलाडीले प्रतिस्पर्धा गर्ने भारोत्तोलनका प्रशिक्षक पुन्तिलाल यादवले जानकारी दिए।

कार्यक्रममा भारोत्तोलन संघ सप्तरीका कार्यवाहक अध्यक्ष गोपालप्रसाद गुप्ता, खेलकुद पत्रकार संघका अध्यक्ष मनोजकुमार माझी, प्रेस काउन्सिलका पूर्वसदस्य देवराम यादव लगायतले शुभकामना दिए।

तीन दिनसम्म चल्ने प्रतियोगितामा सप्तरीका भारोत्तोलन खेलाडीले उत्कृष्ट प्रदर्शन गर्ने विश्वास गरिएको छ।

गौशाला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गौशाला, महोत्तरी
मधेश प्रदेश, नेपाल

बजार आय संकलन ठेक्का बन्दोबस्तका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना


(प्रथम पटक प्रकाशित मिति:२०८०/०९/२३)

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (११) र (६४), गौशाला नगरपालिकाको आर्थिक ऐन २०८० र गौशाला नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०७६ बमोजिम तपशिलमा उल्लिखित बजार ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ती, फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ।

| सि. नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम | बोलपत्र दर्ता गर्नु पर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति | धरौटी रकम | बोलपत्र दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|---|
| १ | RE/GAU/NCB/INCOME/1–2080/081 | कान्ति बजार गौशाला-१२ को आय संकलन ठेक्का बन्दोबस्त | ८०,५००।०० | २०८०/१०/०२, दिउसो १२:००भित्र | २०८०/१०/०२, दिउसो ०२:०० | कुल कबोल अंकको ५ % हुन आउने रकम | १०००।०० |
| २ | RE/GAU/NCB/INCOME/2–2080/081 | विशाल बजार गौशाला-०१ को आय संकलन ठेक्का बन्दोबस्त | ५१,५००।०० | २०८०/१०/०२, दिउसो १२:००भित्र | २०८०/१०/०२, दिउसो ०२:०० | कुल कबोल अंकको ५ % हुन आउने रकम | १०००।०० |

थप जानकारीको लागि गौशाला नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

# कमला खोच कों लोक संस्कृति



डा.रेवतीरमण लाल

मिथिलाको संस्कृति को दृष्टिले जनकपुरको क्षेत्रको कमला खोंच को एउटा छुट्टै स्थान छ। जनकपुर देखि उत्तरको राजमार्ग देखि उत्तर तर्फ नेपाल को सिंधुली जिल्लाको भीमवान देखि दुधौली सम्मको क्षेत्र लाई कमला खोंच भनीन्छ र दुधौली देखि उदयपुर (पूर्व) सम्म को क्षेत्रलाई पूवारी खोंच भनीन्छ। यस कमला खोंच क्षेत्रमा अधिकांश वसोवास दनुवारहरु को छ र त्यस पछि थारु को स्थान आउँछ। दनुवार हरुको संख्या प्राय ६५ प्रतिशत हो।

दनुवारहरु मुख्य रुपमा तीन प्रकारका छन (१) रजहन (२) किछेरिया र (३) जनौधरीया। इनीहरु सम्बन्धमा यहाँ का बुढापाकाहरु भन्छन कि जब कर्णाटवंशी राजा हरिसिंहदेव मिथिला वाट मुसलमानी आक्रमणको कारणले भागेर सिंधुली को वाटो नेपाल उपत्यकामा पस्नु भयो उनका साथमा रहेका दनुवार थारुहरु नेपाल पसे। उनीहरु यसै क्षेत्रमा वसोवास गरे।

यस क्षेत्रका वासीन्दाहरु अहिले पनि अंधविश्वासी छन र शिक्षाको प्रसार त्यति भएको छैन तर अब क्रमशः यस क्षेत्रमा पनि शिक्षा को प्रसार हुँदै गइ रहेको ले अंध विश्वासवाट केही अंशमा मुक्त भै रहेको देखिन्छ तर अझपनि यो निर्मूल भएको देखिदैन। अहिले पनि रोगीहरुलाई नीको पार्न धामी झाक्री को उपयोग ठाउ-ठाउमा भैरहेको देखिन्छ। तर सरकार को तर्फ वाट विद्यालय र हेल्थपोष्ट आदिको व्यवस्था गरीसकिएको पाइन्छ।

यस क्षेत्रको विकासमा पूर्वमा यस क्षेत्रका वासीन्दाहरु नै बाधक बनेको यस क्षेत्रको केही मानिसहरुको भनाइ रहेको छ। यसको कारण उनीहरु को भनाइमा यस क्षेत्रमा वाटो-घाटो, स्कुल, अस्पताल आदि बनेपछि र विभीन्न योजनाहरु संचालन भए पछियस क्षेत्रमा अनेक कुप्रवृतिका मानिसहरु को प्रवेश हुन्छ र हामिहरुको शान्ति भंग हुने खतरा हुन्छ भन्छन।

यस क्षेत्रको व्यवसायमा कृषि, पशुपालन को साथै माछा मार्ने आदि मुख्य पेशा हो। यस क्षेत्रमा कमला, अरुण, ताउखोला, लखमा, रातो आदी मुख्य नदीहरु वाट यस क्षेत्रलाई सिंचित गरेको छ।

दनुवारहरुको अनेक थरहरु हुन्छ जसमा धामी, राइ, अधिकारी, फनैत, चौधरी, कुमर एवं कचहरिया मुख्य थरहरु छन्।

यस क्षेत्रवाट मध्य पहाडी लोकमार्ग पनि अब निर्माण भै यस क्षेत्र वाट गएको हुँदा यसले यस क्षेत्रको आर्थिक, सामाजिक, एवं सांस्कृतिक विकास मा पनि वृद्धि हुने आशा गरिएको छ।

कमला खोंच सम्म मैथिली भाषा संस्कृतिको क्षेत्र भन्न सकिन्छ। यस को उत्तर तर्फ नेपाली( पर्वतिया) भाषाको क्षेत्र आरंभ हुन्छ। यसले गर्दा कमला खोंच को मैथिली भाषा मा नेपाली भाषाको स्पष्ट प्रभाव देखिन्छ।

दनुवारहरुमा पर्व त्योहारको प्रचलन जनकपुर क्षेत्रको मैथिलहरु को पर्व त्योहार जस्तो नै हुने गरेको देखिन्छ। दीयावाती, बडा दशैं, चौरचन, जितीया, जूडशीतल, तिलासंक्रान्ति पर्वहरु गर्ने परंपरा रहेको छ। साउने संक्रान्तिमा दनुवारहरु खसी काटेर इष्ट मित्रहरुलाई बोलाएर खुवाउछन।

माघमा कमला खोंचमा त्रिवेणी मेला लाग्दछ, माइथान मेला र संतोषी माइ मेलाहरु पनि लाग्दछन। यस क्षेत्र का मानिसहरु लाई, जाँड, रक्सी, बढी मन पर्छ तर त्यस भन्दा बढी मनपर्ने हुन्छ नाच। दनुवारहरु नाच यती प्रिय हुन्छ कि घरमा डाका किन न लागि जाओस तर नाच हेर्न छाडदैन।

यस क्षेत्रमा अनेक प्रकारका नाचहरु प्रसिद्ध भएका छन जसमा मुख्य छन गोमना मैना, वृज भानु, शीत वसन्त, रानी सरंगा, सलहेस, गोपी चन्द, अल्हा उदल, एवं कारिख नाच। नाचहरुमा 'बडकी' नाच यस क्षेत्रमा नीकै प्रसिद्ध छ। सत्यनारायण पूजाको अवसरमा विशेष गरी यस नाच को आयोजना हुन्छ र यस नाचमा रास, धमार, सोहर, गोसाइ गीत गाउने परंपरा छ। कृष्ण र राधा विषयक गीतहरु यस नाचमा प्रसिद्ध छन। यस नाचमा विध्यापत नाच जस्तो पुरुषहरु राधा, कृष्ण एवं गोपी आदिका रुपमा नाच गर्दछन।

दनुवारहरुको गृहदेउता मा कमला, भीमसेन, राज धामी हुन्छन र ग्राम्य देउता डीहवार कहलाउछ। कार्तिक पूजामा एकवर्ण सेतो खसी देउतालाई चढाएर त्यस को प्रसाद गाउँपरी घर-घरमा वितरण गरिन्छ।

यस क्षेत्रमा बालविवाह, वहुविवाह आदि कुरीतिहरु पनि कतिपय ठाउहरुमा देखा पर्दछ। प्रचलित सामाजिक नियम विरुद्ध समाज पूर्ण सतर्क रहन्छ र सामाजिक कडा नियंत्रण राखिन्छ। यस समाजमा महिलाहरुको स्थान कस्तो छ भन्न का लागि डा. धीरेन्द्र को उपन्यास "ठुमुकि बहु कमला" हेर्न सकिन्छ। यस पुस्तकमा स्व. डा. धीरेन्द्र यस क्षेत्रको महिला हरुको सचित्र चित्रण गर्नु भएको छ।

यस क्षेत्र को लोक, गीतहरु अत्यन्त मधुर एवं अत्यन्त मनलाई छुने किसीम को हुन्छन। एउटा विरह गीत को वानगी हेरौं।

*"प्रथम वयस गे धनी नहिरा गमाय*
*छतिया देइ गेल साल*
*अघि हम जनितो गे नन्दी*
*पिया विदेश गेलो*
*भिठिया मे लिखती सरुप*
*पिया के गे सरुप देखि*
*धैरज बान्हबो*
*खेपती हम वारि वयस"*

कमला खोंचमा पनि अहिले विकासको नयाँ हावा प्रवेश गरीसकेको छ र यस क्षेत्र का युवा युवतीहरु मेडिकल तथा इन्जीनियरीङ्ग तिर आकर्षित हुँदै शिक्षा ग्रहण गर्दै विभीन्न सेवाहरु मा प्रवेश गरी सकेको पाइन्छ। यस क्षेत्रमा धेरै सामाजिक कुरीतिरुलाई युवा युवतीहरु पन्छाइ रहेको पनि पाइन्छ।

## सम्पादकीय

### कर्मचारी अपग्रेड हुन जरुरी

मुलुकको अर्थतन्त्र धरासायी भइ रहेकोबेला सीमा सुरक्षामा खटिएका प्रहरी र कर्मचारीलाई अपग्रेड हुनु जरुरी भएको छ। मुलुकमा अर्थतन्त्र ओरालो लागेपछि विभिन्न प्रकारका अपराध र तस्करीका विभिन्न नयाँ नयाँ तरिकाहरु अपनाउन थालिएको छ। शनिवार सप्तरीबाट एक हजार किलो गाँजा सहित पक्राउ परेका तस्करको तस्करीलाई हेरेर बुझ्न सकिन्छ। प्रहरी चनाखो र सूचना दिने अपग्रेड नभएको भए मुलुकमा एक हजार किलो भन्दा बढी गाँजा कुनै न कुनै ठाउँमा पुर्‍याउने थियो जसको मारमा यहाँका विद्यार्थी र वेरोजगारहरु हुने थियो। मुलुकमा अहिले पनि पुरानै तरिकाबाट अनुसन्धान गर्ने र सीमा सुरक्षा गर्ने रणनीति लागु छ। तर, अन्य मुलुकहरु भने आफ्ना प्रहरी प्रशासन तथा गुप्तचरहरुलाई विभिन्न समयमा विभिन्न तालिमहरु दिएर उनीहरुलाई समय सापेक्ष बनाउने गरेका छन्। सीमा सुरक्षामा खटेका प्रहरीहरु सीमा सुरक्षा गर्नुभन्दा बढी स-साना तस्कर र सर्वसाधारणबाट असुल गर्नमै आफ्नो डिउटी समय खर्चिने गरेका छन्। उनीहरुलाई थप सशक्त बनाउनुपर्ने देखिएको छ। भारतबाट निर्वाध रुपमा नेपाल अवैध सामान भित्रिने गरेका कारण त्यसको मारमा यहाँका व्यापारीहरु पर्ने गरेका छन् भने मुलुकलाई उठ्ने राजस्वमासमेत वर्षेनि ह्रास आउदै गरेको छ। यहाँका भन्सार कार्यालयहरु लक्ष्य पाउनु ठूलो कुरा होइन् किन भने भन्सारका प्रमुखहरु भन्सार लक्ष्यनै कम राख्ने गरेका हुन्छन्। तस्करबाट पैसा असुल बाहेकका काम उनीहरुले स-साना व्यापारी र आम सर्वसाधारणबाट पैसा असुली गर्नेगरेका हुन्छन्। समय समयमा सम्वन्धित मन्त्रालयले विज्ञहरुको टोली बनाएर तालिम, कार्यशाला र प्रशिक्षण दिनुपर्ने आवश्यकता देखिएको छ। मुलुकलाई माया गर्नुभन्दा बढी आफ्नो घरको चिन्ता गर्दा मुलुकले त्यसको मार खेप्नु परेको छ। बर्षमा एक पटक अनुगमन गरेर आफ्नो दायित्व पूरा गर्ने परिपाटीसमेत परिवर्तन गर्नुपर्ने सर्वसाधारणले माग गरे पनि चाडपर्वको बेलामा विगत देखिनै अनुगमन हुँदै आएकोलाई समेत परिवर्तन गर्नुपर्ने अहिलेको आवश्यकता छ। सरकारले कर्मचारीमा गर्ने लगानी र प्राप्त उपलव्धिलाई दाँज्ने हो भने मुलुकलाई बढी फाइदा हुन्छ भन्नु सन्तोष गर्ने ठाउँ मात्रै हो। सरकारले आफ्नो दायित्व पूरा गर्न र आम जनतालाई सहज बातावरणमा जीविकोपार्जन गर्न दिनका लागि कर्मचारीहरुलाई अपग्रेड गर्नु बाहेक अरु कुनै विकल्प छैन्।

# यो देशमा आखिर मन्त्री कस्का?



डा जया सत्याल

"तपाईंले राम्रो गर्नुभयो। क्षेत्र विकास गर्नुभयो। त्यही नै तपाईंले सबैभन्दा गलत गर्नुभयो। यसो गरैं, त्यसो गरैं, सेवा विस्तार गरैं, गुणस्तर कायम गरैं, आगामी लक्ष्यहरू यस्ता छन् ... यस्ता बकमफुसे कुराहरू सुनाएर केही अर्थ छैन! जानुस्; घरमा गएर आफ्नै श्रीमान् र बुबाआमालाई सुनाउनुहोस्! उनीहरूले बुझ्दछन् तपाईंको खटाई! मन्त्रालयमा आएर दिमाग नचाट्नुहोस् मेरो!" मन्त्रालयमा यस्तो सुझाव सुनियो। कुन युगको कर्मचारी हो तपाईं? मेरो स्वभाव र कामलाई राम्ररी चिनेर पनि उहाँले मलाई तत्कालीन नेतृत्वले गालेको र चलाएको कर्मचारीतन्त्र र राज्यस्थितिबारे संकेत गर्दै हुनुहुन्थ्यो।

"तिमीले गरेका राम्रा कामका परिचर्चा राष्ट्रिय स्तरमा नै चलेका छन्। विभिन्न पुरस्कारहरू प्राप्त गर्न पनि सफल भयौ। तर के गर्नु? कार्यक्षेत्रमा तिम्रो कार्य सफलताले पिल्सिएका र भतभती मन पोलेका तिम्रै क्षेत्रका मान्छेहरू तिम्रो विरोधमा उत्रिएका छन्। आफ्नो महाजाल अझ दरिलो बनाउन रातदिन मन्त्रीका अघिपछि कुद्ने र उनका आसेपासेलाई रिझाउन लागि परेका छन्। सधैं आफ्नो वरिपरि घुमिरहेको र दबाब दिएको देख्दा स्वयं मन्त्री नै अलमलमा परेको अवस्था छ। उनीहरूले मन्त्रीको आँखा छोपिदिएका र कान थुनिदिएका छन्। यस्तो अवस्था आयो कि न उनले सही काम देख्छन्, न त सही कुरा सुन्छन् नै। मात्र तिमीविरूद्ध आवाज अनि तिमी प्रतिको नकारात्मक धारणा बाहेक अरू केही छैन। दिमाग एकोहोराएका छन्। त्यसैले मैले भनेको मान! तिम्रो कार्यक्षमतालाई मध्यनजर गरी निर्णय गर्नुभन्दा यहाँ तिमीलाई कार्यक्षेत्रबाट लखेट्ने प्रपञ्च रचिरहेका छन्। तिम्रो कार्यस्थलको जुझारु र लगनशील टिम अनि अहोरात्र चिकित्सासेवामा खटिनेती करार र अन्य सेवाका कर्मचारीहरूको रोजिरोटी खोसिने छ। र आफ्ना मान्छेहरू भर्ती गर्नेछन् शुरू मै उनीहरूले। तिमी बोल्न र नबोल्नुको कुनै अर्थ छैन।

मेरा अगाडि ऐन र नियम कानूनका कुरै नगर। बरू तयार रहनू परिआएमा मन्त्रालयले सोध्ने स्पष्टीकरणका पत्रहरूको जवाफ दिन र कारवाही भोग्न"। वहाँ भन्दै हुनुहुन्थ्यो। हत्तेरी! मैले मनमनै सोंचे। मन्त्रालयको मन्त्री पद यस्तो अराजक शैलीबाट यति सारो गिर्ला त? मैले वहाँका कुरा वास्तै गरिनँ। समय बित्तै गयो। करिब १ हप्तापछि वहाँले जे जे भन्नु भएको थियो, त्यस्तै किसिमले घटनाक्रमहरू देखिन थाले। जागिरे जीवनको १८ वर्षे यात्रामा मेरो बुझाई थियोः मन्त्री पद भनेको सिङ्गो राष्ट्र चलाउने पद हो। मन्त्री पद आम नागरिकको लागि उत्तिकै समान र सम्मानयोग्य पद हो। मन्त्रालयका राष्ट्रसेवक स्थायी, करार र अस्थायी सबै कर्मचारीहरूको साझा अभिभावक अनि संरक्षक पनि हो मन्त्री पद। एउटा मन्त्री सफल हुनु भनेको समग्र राष्ट्र सफल हुनु हो अनि मन्त्री असफल हुनु भनेको राष्ट्र नै असफल हुनु हो नि त! पदीय जिम्मेवारी लिएका मन्त्रीले त देशमा विद्यमान नीति, नियम अनुसार निर्णयहरू गर्नुपर्छ, हैन र? मनले मनसँगै सोधें।

मन्त्रीका आँखाले केबल विधि र पद्धति मात्र चिन्नु पर्दछ। मन्त्रीको पदमा आसिन भएपछि यो वा त्यो राजनैतिक दलको सदस्य हुँ भन्ने कुरा बिर्सेर सबैमा समभाव राखी उचित र अनुचित पक्ष छुट्याउँदै अगाडि बढ्नु पो पर्थ्यो! पद र शक्तिको मतलबै नभएका राष्ट्रप्रेमी, कर्मठ कर्मचारीहरू चिन्नुपर्थ्यो! तर, बिडम्वना लोकतान्त्रिक व्यवस्थामा मन्त्रीको वरिपरि परिक्रमा गरेर स्वार्थपूर्तिका लागि नानाभाँती कुरा दोचारेर गलत सरसल्लाह दिएका कारण व्यक्ति विशेष र उनका टिमलाई छिन्नभिन्न पारी ठेगान लगाउन अमूल्य समय खर्चेको देख्दा मलाई पूनः प्रश्न गर्ने रहर जाग्यो यो देशमा आखिर मन्त्री कसका? राजनैतिक पार्टी काङ्ग्रेसका? एमालेका? माओवादीका? एकीकृत समाजवादीका? रास्वपाका? कि गठबन्धनका? कि कार्यकर्ता, धुपौरे र पारिवारिक सदस्यका?

आफ्नो योग्यता र क्षमता नै नभएपनि पदलोलुप र चाकडीवाजी शक्तिको खेल खेल्न सिपालु ती जालीझेली व्यक्तिहरूका चुरीफुरी देखेर म लज्जित भएँ र पूनः सोचें- हामी सिधासाधा, इमान्दार र जनताका सेवक कर्मचारीहरू चाँहि कसका त? मैले पटक पटक प्रश्न गर्दै मन बुझाउन खोजें। अहँ! सकिन आफैले आफ्नो मन सम्हाल्न। न्याय मर्न नदिनु इमान्दार कर्मचारीको कर्तव्य हो। म नेतृत्वको निर्देशन विरूद्ध न्यायको खोजिमा छु। मेरो माग छः "मन्त्री सबैका साझा हुन्, न्यायको तराजु लिएर उभिउन्।"

# जलविद्युत्तसँगै विकासको गतिमा ग्रामीण बस्ती

सन्तोष गौतम




म्याग्दी जिल्लाको विद्युत् विकासको 'गेटवे' मानिएको राहुघाट जलविद्युत् आयोजना निर्माणले गति लिएको छ। ६५ प्रतिशत भौतिक प्रगति भएको आयोजना आगामी १५ महिनाभित्र सम्पन्न गर्ने कार्ययोजनाअनुसार निर्माणलाई तीव्रता दिइएको हो। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावरद्वारा म्याग्दीको रघुगङ्गा गाउँपालिकामा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको बाँध, सुरुङ र विद्युत्गृह निर्माण कार्यले गति लिएको छ।

सिभिल ठेकेदार जयप्रकाश एशोसियट्सले बाँध, सुरुङ र विद्युत्गृह निर्माणको कामलाई एकैसाथ तीव्रता दिएको आयोजनाले जनाएको छ। सरकारी तबरबाट राहुघाट निर्माण शुरु भएपछि म्याग्दीमा निजी क्षेत्रका जलविद्युत् आयोजना भित्रिएका थिए। निजी क्षेत्रका जलविद्युत् आयोजना भित्र्याउने र आकर्षित भएकाले राहुघाट जलविद्युत् आयोजनालाई म्याग्दीको विद्युत् विकासको गेटवे मानिएको हो।

### ९० प्रतिशत सुरुङ निर्माण

राहुघाट जलविद्युत् आयोजनाको छ किलोमिटर २ सय मिटर सुरुङमध्ये अब पाँच किलोमिटर ६३३ मिटर सुरुङ निर्माण सकिएको छ। जलविद्युत् आयोजनामा सुरुङ निर्माणलाई महत्वपूर्ण कार्य मानिन्छ। अब ५६७ मिटर मात्र सुरुङ निर्माण गर्न बाँकी रहेको राहुघाट जलविद्युत् आयोजनाको आयोजना व्यवस्थापक राज विष्टले बताउनुभयो। "अबको दुई महिनाभित्र सुरुङको ब्रेक थ्रु गर्ने लक्ष्य सहित काम भैरहेको छ," उहाँले भन्नुभयो "बाँध, अँधेरीखोला, पिप्ले र तिल्केनीचौरको चार वटा अडिटबाट सुरुङ निर्माणलाई तिब्रता दिएका छौ।"

सुरुङबाट आउने पानीलाई रघुगङ्गागाउँपालिका-३ पिप्लेदेखि तिल्केनीचौरमा निर्माणाधिन विद्युत्गृहमा खसाल्ने १९६ मिटर ठाडो सुरुङलाई फिनिसिङ गर्ने काम अन्तिम चरणमा पुगेको छ। पिप्लेमा ६१ मिटर गहिरो सर्च साफ्ट निर्माण सकिएको छ। विद्युत्गृह निर्माण स्थलबाट भर्टिकल प्रेसर साफ्टसँग जोड्ने ३२९ मिटर वटम प्रेसर साफ्टको सुरुङ यसअघिनै जोडिएको थियो। अडिट नम्बर ३ देखि भर्टिकल प्रेसर साफ्ट सम्मको ५४१ मिटरमध्य ४५० मिटर सुरुङ निर्माण सकिएको छ।

### बाँध र विद्युत्गृहको प्रगति आधाभन्दा बढी

बाँध, विद्युत्गृह निर्माणको काम पचास प्रतिशत भन्दा बढी सकिएको छ। रघुगङ्गा गाउँपालिकाको वडा नम्बर ४ र ५ को सिमानामा निर्माणाधिन बाँधमा यसै महिनाभित्र खोला फर्काउने तयारी गरिएको छ। सत्र मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पिआरओआर) प्रविधिको बाँध निर्माणको काम ६० प्रतिशतभन्दा बढी सकिएको आयोजना व्यवस्थापक विष्टले बताउनुभयो। विद्युत्गृहको संरचना निर्माण सकेर टर्वाइनका उपकरण जडान गर्न थालिएको छ। विद्युत्गृहदेखि पानी बाहिर फाल्ने नहर बनाउन लागिएको छ।

विसं २०७६ कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२.३५ अमेरिकी डलरमा इलेक्ट्रो-मेकानिकल ठेक्का सम्झौता गरेको भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)ले विद्युत्गृहका उपकरण आयात गर्न थालेको छ। भेलसँगको ठेक्का सम्झौताको म्याद सन २०२४ नोभेम्बर महिनासम्म थपिएको छ।

### ६५ प्रतिशत भौतिक प्रगति

रघुगङ्गा हाइड्रोपावरका प्रबन्ध सञ्चालक गणेश केसीले हालसम्म ६५ प्रतिशत भौतिक प्रगति भएको राहुघाट जलविद्युत् आयोजनाको आगामी २०२५ मार्च महिनाभित्र विद्युत् उत्पादन शुरु गर्ने कार्ययोजना सहित काम भैरहेको जानकारी गराउनुभयो। "अबको १५ महिनाभित्र आयोजना सञ्चालन गर्ने लक्ष्यका साथ निर्माणलाई तिब्रता दिएका छौ," उहाँले भन्नुभयो।

यसअघिका दुई वर्ष बुग्लको पहिरोका कारण बर्खायामको चार महिना बाँध निर्माणको काम रोकिएको थियो। यसवर्ष बर्खायाममा पनि बाँध, सुरुङ र विद्युत्गृह निर्माणले निरन्तरता पाउँदा प्रगति सन्तोषजनक रहेको उहाँको भनाइ छ।" घुमाउनेतालदेखि ११ किलोमिटर पहुँचमार्ग र एक वटा ट्रस प्रविधिको मोटर चल्ने पुल निर्माण गरी विद्युत्गृह र बाँधलाई सिधा सडकले जोडिएको छ।

### उतारचढाव व्यहोरेको आयोजना

चौध वर्षअघि निर्माण प्रक्रीया थालिएको राहुघाट जलविद्युत् आयोजनाले विभिन्न आरोह अवरोह र उतारचढाव ब्यहोरेको छ। भारतीय आयात निर्यात (एक्जीम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र सरकारको संयुक्त लगानीमा २०६६ सालमा सो आयोजना निर्माण सुरु भएको थियो। कमजोर आर्थिक अवस्थाका कारण २०७२ सालमा पुरानो ठेकेदार आइभिआरसिएलसँगको ठेक्का तोडेर कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्र्याक्ट (इपीसी) प्रारुपमा राहुघाट जलबिद्युत आयोजना निर्माण अघि बढाइएको थियो।

पहिलेको कार्यतालिका र सम्झौताअनुसार राहुघाट २०७० सालमा निर्माण सकिनुपर्ने थियो तर २०७४ मङ्सिरमा रु. छ अर्बमा ठेक्का सम्झौता गरेको भारतको सिभिल ठेकेदार जयप्रकाश एशोसियट् (जेपी)ले पनि निर्धारित समयभित्र आयोजना निर्माण सम्पन्न गर्न सकेन। ४५ महिनाको ठेक्का सम्झौताको म्याद भएको आयोजना सन् २०२३ जनवरीदेखि सञ्चालन गर्ने लक्ष्य थियो। कोरोना महामारी र विपद्का कारण सिभिल ठेकेदारले लक्ष्य अनुसार काम गर्न नसकेका कारण सन् २०२४ को अक्टोबर १७ सम्म ठेक्का सम्झौताको म्याद थप भएको छ। पुरानो ठेकेदारले आइभिआरसिएलले आठ वर्षमा १० प्रतिशत काम गरेको थियो। सिभिल ठेकेदार २०७५ असारमा पहुँचमार्ग र २०७६ असारमा सुरुङ खन्न सुरु गरेको थियो।

### नदीजन्य निर्माण सामग्रीको अभाव

विपद् र कोरोना (भाइरस)को महामारीका कारण निर्माणमा ढिलाइ भएको राहुघाट जलविद्युत् आयोजनालाई कार्ययोजनाअनुसार निर्माण सम्पन्न गराउन नदीजन्य निर्माण सामग्रीको अभाव प्रमुख चुनौती देखिएको छ। सर्वोच्च अदालतको २०७८ असारको आदेशका कारण कालीगण्डकी नदीबाट ढुङ्गा, गिटी र बालुवा उत्खनन् गर्न नपाउँदा गण्डकी प्रदेशका कालीगण्डकी नदी आसपासका जिल्लाहरुमा नदीजन्य निर्माण सामग्रीको अभावका कारण विकास आयोजना प्रभावित भएका छन्।

कालीगण्डकीबाट नदीजन्य निर्माण सामग्री उत्खनन गर्न नपाउदा निर्माण प्रभावित बनेको जयप्रकाश एसोसियट्सको राहुघाट जलविद्युत् आयोजना व्यवस्थापक हरिस अग्रवालले बताउनुभयो। "ठेक्का सम्झौताका क्रममा कालीगण्डकी नदीको सामग्री प्रयोग गर्ने उल्लेख छ। तर अदालतको आदेशका कारण तीन वर्षदेखि कालीगण्डकी नदीबाट सामग्री निकाल्न पाएका छैनौ," उहाँले भन्नुभयो "यस वर्ष हामीलाई पचास हजार घनमिटर नदीजन्य कच्चा पदार्थ आवश्यक छ। गिटी, बालुवा र ढुङ्गा नपाउँदा सुरुङ, विद्युत्गृह र बाँध निर्माणको काम प्रभावित हुन थालेको छ।"

बेनी नगरपालिका क्षेत्रमा कालीगण्डकी बाहेकको बगरबाट १० हजार घनमिटर मात्र व्यवस्थापन गरिएको छ। म्याग्दी, राहुघाट र अन्य बगरबाट नदीजन्य बस्तुको आपुर्ति गराउन पहल गरिएको गण्डकी प्रदेशसभा सदस्य हरि भण्डारीले बताउनुभयो।

ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेत, गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री रेशमबहादुर जुग्जाली, प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजा, प्रदेश सांसद भण्डारी, नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतले हालै आयोजना निरीक्षण गरेर नदीजन्य निर्माण सामग्रीको आपूर्ति सहज बनाउन स्थानीय तह र प्रशासनसँग सहजीकरण गर्नुभएको छ।

यस आयोजनाले सन् २०२३ को जनवरी ३१ देखि वार्षिक रु २४ करोड पाँच लाख ९३ हजार ३४ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित २०७५ चैतमा विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गरेको थियो। राहुघाटबाट उत्पादन हुने विद्युत् केन्द्रीय प्रसारण लाइनमा जोड्न कालीगण्डकी कोरिडोरअन्तर्गत २२० केभी (डबल सर्किट) क्षमताको दाना-कुश्मा प्रसारण लाइनमा जोड्न लुप इन लुप आउट (लिलो)को चार टावर तयार भएको छ।

### विकटमा विकास गतिविधि बढ्यो

जलविद्युत् आयोजना भित्रिएसँगै म्याग्दीको राहुघाट नदी आसपासका छ वटा वडामा विकास गतिबिधी बढेको छ। ऊर्जा खोलामा परिणत हुन थालेको राहुघाटको पानीले विकट गाउँमा सम्भावना र अवसरको ढोका खोलिदिएको रघुगङ्गागाउँपालिका-७ का बासिन्दा ध्रुबकुमार पाइजाले बताउनुभयो। "राहुघाट नदी आसपासका पिप्ले, दग्नाम, दर्मीजा, झिँ, पाखापानी र कुइनेमंगलेका छ वटा वडाका करिब एघार हजार नागरिकको दैनिकी र जीवनयापनमा जलविद्युत् आयोजनाले नसोचेको परिवर्तन ल्याएको छ," उहाँले भन्नुभयो "राहुघाटमा निर्माणाधीन जलविद्युत आयोजना, गाउँपालिका, प्रदेश र सङ्घीय सरकारको साझेदारीमा अक्करे अजिङ्गरको भिरमा मार्ग खोलेर मौवाफाँटदेखि कुइनेको छहरीसम्म करिब २० किलोमिटर सडक निर्माण गरेपछि पूरै दिनको यात्रा चार घण्टामा छोटिनुका साथै ढुवानीमा सहज भएको छ।"

जलविद्युत् आयोजनाहरुले पहुँचमार्गमा बनाएको चार वटा बेलिब्रिजबाट स्थानीयबासीहरुले पनि लाभ लिएका छन्। प्रशारण लाइन, सबस्टेशन निर्माण र सडकको पहुँच विस्तार तथा ऊर्जाको अन्तरराष्ट्रिय बजार खोजी हुन थालेपछि जलविद्युत् आयोजनाले गति लिन थालेका हुन्। जलविद्युत् आयोजना भित्रिएसँगै राहुघाट कोरिडोरका आसपासका बस्तीमा अन्य विकास गतिबिधिले तिब्रता, आयआर्जन र रोजगारीको अवसर सिर्जना भएको रघुगङ्गा गाउँपालिकाका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो। जलविद्युत् आयोजनासँगै भित्रिएको सम्भावनालाई अवसरमा रुपान्तरण गरी स्थानीयबासीको जीवनस्तर सुधार गर्न जोड दिएको उहाँको भनाइ छ।

### एघार आयोजना निर्माणाधीन

राहुघाट आयोजनासँगै म्याग्दीमा तीन सय ५३ मेगावाट क्षमताका ११ वटा जलविद्युत् आयोजना निर्माण भइरहेका छन्। निर्माण शुरु भएपछि भित्रिएका तीन वटा आयोजना सञ्चालनमा आइसकेका छन्। थप छ वटा निर्माणको अन्तिम चरणमा छन्। विद्युत् विकास विभागका अनुसार ६३ मेगावाट क्षमताका चार वटा जलविद्युत् आयोजना सञ्चालनमा आइसकेको म्याग्दीमा ७००.८३ मेगावाट क्षमताका १७ आयोजनाले निर्माणका लागि अनुमति लिएका छन्।

कूल ३४६.०३ मेगावाट क्षमताका छ वटा आयोजना निर्माणको तयारी र प्रक्रियामा छन्। त्यस्तै ८३.५ मेगावाट क्षमताका तीन आयोजनाले निर्माणका लागि अनुमति मागेका छन्। जिल्लाभर १४०.१३ मेगावाट क्षमताका १४ आयोजना सर्वेक्षणको क्रममा छन्।

# कान्ति बाल अस्पताललाई सहयोग गर्ने मन्त्री बस्नेतको प्रतिबद्धता



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले कान्ति बाल अस्पतालको स्तरोन्नतिका लागि सबै प्रकारको सहयोग उपलब्ध गराउन मन्त्रालय तयार रहेको बताउनुभएको छ ।

अस्पतालको ६२ औँ वार्षिकोत्सव समारोहमा मन्त्री बस्नेतले अस्पताललाई राष्ट्रिय बाल स्वास्थ्य अध्ययन संस्थाका रुपमा निर्माण गर्न शहरी विकास मन्त्रालयसँग तत्काल छलफल सुरु गर्ने बताउनुभयो ।

सो अवसरमा मन्त्री बस्नेतले एक हजार शय्या क्षमतासहितको उक्त अध्ययन संस्थानका लागि आवश्यक पर्ने भवन निर्माणको तयारी गरिने विश्वास दिलाउनुभयो ।

समारोहमा राष्ट्रिय योजना आयोगका सदस्य प्राडा आरपी बिच्छाले सातै प्रदेशमा प्रदेशस्तरीय बाल अस्पतालको सञ्चालन गर्न आवश्यक भएको बताउनुभयो । उहाँले कान्ति बाल अस्पतालमा शय्या थप्दैमा सेवाग्राहीले सहज रुपमा उपचार सेवा पाउन नसक्ने भन्दै सेवा विकेन्द्रीकरण गर्न सुझाव दिनुभयो ।

अस्पतालका निर्देशक डा पङ्कज रायले पर्याप्त जनशक्ति र शय्याको अभावबारे मन्त्रीको ध्यानाकर्षण गराउनुभयो । "उपचार सेवा लिन आउनुभएका धेरै बिरामीले लामो समयसम्म कुर्नुपर्ने बाध्यता छ, अस्पताल आउने सबैलाई शय्या पुर्याउन हम्मेहम्मे छ", डा रायले भन्नुभयो, "एक चिकित्सकले पाँच चिकित्सक र एक नर्सले पाँच नर्सको काम गर्नुपर्ने अवस्था छ ।"

वार्षिकोत्सव समारोहमा मन्त्री बस्नेतले अस्पताललाई जापान सरकारबाट प्राप्त एमआरआई र सिटी मेसिन जडानको उद्घाटन गर्नुभयो ।

निर्देशक रायका अनुसार आर्थिक वर्ष २०७९/८० मा अस्पतालबाट एक लाख ९९ हजार दुई सय ५६ जना बालबालिकाले उपचार सेवा लिएका छन् । दुई हजार आठ सय ४२ जनाले शल्यक्रिया उपचार सेवा लिएका छन् । ६२ वर्षअघि ५० शय्याबाट सुरु भएको अस्पतालले पछिल्लो समय तीन सय ५२ शय्याबाट उपचार सेवा उपलब्ध गराउँदै आएको छ । अस्पताल विकास समितिकोतर्फ स्वीकृत दरबन्दी दुई सय ७५ जना रहेको छ ।

अस्पतालका निर्देशक डा रायले सातै प्रदेशका बालबालिकाको 'रिफरल' अस्पतालका रुपमा विकास गर्ने, बाल स्वास्थ्यका सबै विशिष्टीकृत सेवा उपलब्ध गराउने र बाल स्वास्थ्य अध्ययन संस्थानका रुपमा विकास गर्ने योजना रहेको जानकारी दिनुभयो ।रासस

# सरकार सुनेजस्तो गर्छ, कार्यान्वयन गर्दैन : भगवती चौधरी

काठमाण्डु । प्रतिनिधिसभा सदस्यका रूपमा यो एक वर्षको कार्यकाल त्यति सन्तोषजनक रहेन । जनताका मुद्दा उठान र कानुन निर्माणका लागि मैले व्यक्तिगतरूपमा शतप्रतिशत कोसिस गरेँ, तर सोचेजस्तो भएन । संसदीय अभ्यासको एक वर्षको समीक्षा गर्दैगर्दा सदनमा हामीले जनताका मुद्दा उठाउन चुकेनौँ । सदनमा हाम्रो कुरा रेकर्ड गराएको जस्तो मात्र भयो, सरकार र सम्बन्धित निकायलाई सुनाएको जस्तो मात्र हुन्छ । यतिसम्मकि बजेटले सम्बोधन गरेका विषयमा समेत काम भएन ।

हामी जनप्रतिनिधि आफूले उठान गरेका विषयप्रति स्वयं जानकार भइरहनुपर्छ । उक्त विषयमा काम भयो कि भएन त्यसमा चासो नदिए समस्या समस्याकै रूपमा रहने रहेछ । प्रतिनिधिसभाको दोस्रो अधिवेशनमा आठवटा सरकारी र एउटा गैरसरकारी विधेयक दर्ता भएको थियो । दुवै सदनबाट तीनवटा विधेयक पारित भयो । दुईवटा सदनकै नियमित विधेयकबाहेक मिटरब्याजपीडितका लागि मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८० पारित भयो ।

यद्यपि सदनबाट धेरै विधेयक पारित हुन सकेनन् । संसद्लाई सरकारले पर्याप्त 'बिजनेस' दिन सकेन । विधेयक पारित हुन नसक्नुको अर्को कारण सदन छिटो बन्द हुनु र राजनीतिक सहमति नजुट्नु पनि हो । सांसद स्वतन्त्र नभएका कारण कानुन निर्माणमा ढिलाइ भएको भन्ने बुझाइ पनि छ । दलीय व्यवस्थामा दलबाट निर्वाचित सांसदलाई दलको ह्वीप लाग्नु स्वाभाविक हो । तर ह्वीप लाग्दैमा सांसद स्वतन्त्र हुँदैन, उसले आफ्नो स्वतन्त्र दृष्टिकोण राख्न सक्दैन भन्नेचाहिँ सत्य होइन ।

केही समयअघि देशभरका शिक्षकले आन्दोलन गर्नुभयो । सरकारसँग शिक्षकको सम्झौता पनि भयो तर विधेयक पारित भएको छैन । संविधान कार्यान्वयनसँग प्रत्यक्ष जोडिएका सङ्घ र प्रदेशसँग सम्बन्धित सङ्घीय निजामती सेवा ऐन, सङ्घीय प्रहरी ऐनजस्ता सङ्घीय ऐन निर्माणमा ढिलाइ भइरहेको छ । विद्यालय शिक्षा विधेयक, २०८० र सम्पत्ति शुद्धीकरण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७८ माथि संशोधनको प्रस्ताव दर्ता गरेको छु । आगामी हिउँदे अधिवेशनका लागि तयारी थालिसकेका छौँ ।

**अस्थिर राजनीतिले धुमलिएको नेतृत्वको 'भिजन'**

विसं २०७९ मा म नेकपा (एमाले)बाट प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत सुनसरी जिल्लाबाट सङ्घीय सांसद निर्वाचित भएँ । गत वर्ष नै माघ ३ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीको जिम्मेवारी ग्रहण गर्ने मौका पनि पाएँ । त्यसअघि २०६४ को पहिलो संविधानसभामा समानुपातिक सदस्य र वनराज्यमन्त्रीको जिम्मेवारी निर्वाह गरेँ ।



तर मन्त्रीको जिम्मेवारीमा रहेर लामो समय काम गर्न पाएको छैन । एकचालीसदेखि ४२ दिनसम्म मात्र मन्त्रीको जिम्मेवारी बहन गर्ने अवसर मिल्यो । अस्थिर सरकारका कारण हामीले सरकारमा हुँदा पनि सोचेको जस्तो काम गर्न सकेनौँ । तत्कालीन वनराज्यमन्त्री हुँदा मैले 'तराई ग्रिनरी बोर्डर संरक्षण' योजना ल्याएको थिएँ । नेपाल-भारत सीमाको दशगजा क्षेत्रमा वृक्षरोपण गर्नुपर्छ भनेर मैले उक्त योजना अघि सारेकी थिएँ । सीमाको सुरक्षा, स्थानीयले वनजन्य उपभोग र वातावरणको संवर्द्धन एवं संरक्षणका लागि भनेर ल्याइएको उक्त योजना कार्यान्वयन नहुँदै तुहियो । बजेटमा उक्त योजना समावेश थियो, तर बजेट कार्यान्वयन गर्ने बेला अर्को सरकार आयो । एउटा नेतृत्वले 'भिजन' लिएर सरकारमा आउने, योजना बनाउने तर कार्यान्वयनको चरणमा पुग्नै नपाई मन्त्री फेरिने गर्छ ।

अघिल्ला सरकारले घोषणा गरेका योजना र प्राथमिकतालाई पछिल्ला सरकारले नटेर्ने प्रवृत्ति हाबी छ । सङ्घीयदेखि प्रदेश र स्थानीय तहमा सडक निर्माण, स्वास्थ्य संस्था भवन निर्माण, सुरुङमार्ग निर्माणका कामलाई वर्तमान सरकारले महत्व दिएको छैन । सदनमार्फत मैले रणनीतिक सडकका विषयमा पटकपटक सरकारको ध्यानाकर्षण गराएको छु, तर सडक निर्माणको हालत उस्तै छ । स्वास्थ्य क्षेत्रको निर्माण पनि त्यस्तै छ । नेकपा (एमाले) सरकारमा हुँदा उदघाटन गरिएको स्वास्थ्य संस्था निर्माणको काम अघि बढ्न सकिरहेको छैन । बजेट नै छैन भन्दै काम रोकिएको छ ।

**सरकारले सुरू गर्छ, टुङ्गोमा पुर्याउँदैन**

राजनीतिक अस्थिरताका बाबजुद वर्तमान सरकारले एक वर्ष पूरा गरेको छ । नेकपा (माओवादी केन्द्र) संसद्मा तेस्रो ठूलो पार्टी हुँदाहुँदै पनि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वमा यति समयसम्म सरकार सञ्चालनमा छ, जसलाई उपलब्धिका रूपमा हेर्न सकिएला ।

मधेस प्रदेशमा आठ सय मेगावाट विद्युत् खपत गर्नेगरी प्रसारण सञ्जाल पूर्वाधार निर्माण गर्ने सरकारको तयारी थियो । त्यसमा के भइरहेको छ ? नेपाल र भारत सरकारबीच दीर्घकालीन ऊर्जा व्यापार सम्झौतामा हस्ताक्षर भएसँगै नेपालबाट १० वर्षमा १० हजार मेगावाटसम्म विद्युत् निर्यात हुने कुरा छ । यसको कार्यान्वयनमा पनि शङ्का गर्ने ठाउँ छ ।

सरकारले भ्रष्टाचारका एक-दुईवटा फाइल खोलेको छ । तर ती अहिले अलपत्र छन् । सुन तस्करी प्रकरणदेखि भुटानी शरणार्थीको विषयमा पनि फाइल खोल्ने तर अन्तिम टुङ्गोमा पुर्याउन सरकार असमर्थ देखिन्छ । सम्भावनाका बाबजुद देशको राजनीतिक अवस्थाले युवामा अविश्वास र निराशाको वातावरण बनेको छ । अस्थिर राजनीतिका कारण युवामा नैराश्यता बढ्दो छ । देशभित्र रोजगारीको सुनिश्चितता नहुँदा विदेशिने क्रम बढ्दो छ । वैदेशिक मन्दीको असरले पनि देशको अर्थतन्त्रमा असर पर्न गयो । हाम्रा दुई ठूला छिमेकी मुलुकलाई त्यो अनुभव भएको छैन । तर नेपाललाई मन्दीले छोएको छ । रोजगारदाता एवं व्यवसायीको पनि अवस्था राम्रो छैन । स-सानो ऋण लिएका व्यवसायीको पनि व्यवसाय सहज तरिकाले सञ्चालन भइरहेको छैन ।

ग्रामीण अर्थतन्त्र पनि धेरै तल खस्कियो । सहकारीपीडित, लघुवित्त, मिटरब्याजीपीडित आन्दोलनमा उत्रिनुभयो । ऋण कर्जा सहजरूपमा उपलब्ध हुन सकिरहेको छैन । ग्रामीण अर्थतन्त्र सुधारका लागि हामीले धेरै काम गर्नुपर्ने छ । सरकारले यी विषयमा तत्काल ठोस नीति लिनुपर्छ । जसरी मिटरब्याजीका लागि कानुन ल्याइयो उसैगरी सम्बन्धित अन्य विषयमा पनि सरकारले तत्काल निर्णयसहित अघि बढ्नुपर्छ । अर्थतन्त्र सुधारका लागि आधुनिक कृषिमा जोड दिनुपर्छ । पर्यटन क्षेत्रको विकासबाट पनि धेरै लाभ लिन सक्छौँ । वार्षिक लक्ष्यसहित पर्यटन विकासमा जोड दिनुपर्छ । व्यावसायिक योजनासहित देशका सातै प्रदेशलाई पर्यटकीय गन्तव्यस्थलका रूपमा विश्वमा चिनाउन सक्नुपर्छ । चिनियाँ पर्यटकका लागि ई-भिसामार्फत सहज बनाउन सकिन्छ । यी सबै प्रयास तीन तहका सरकारले संयुक्तरूपमा गर्न सक्नुपर्छ ।

**सुनसरीमा विकासका सम्भावना**

हामी जनप्रतिनिधिले आ-आफ्नो क्षेत्रको योजना एवं पूर्वाधार विकासलगायतमा सचेत हुनुपर्छ । जनताले हामीसँग कानुन निर्माणसँगसँगै त्यस क्षेत्रको विकास निर्माणका लागि पहलको आशा राख्नुहुन्छ । मेरो निर्वाचन क्षेत्र सुनसरीमा खासगरी रणनीतिक सडक निर्माण अहिलेको प्राथमिकता हो । सङ्घीय निर्वाचन क्षेत्रका रणनीतिक सडक र प्रदेशका रणनीतिक सडक निर्माण आवश्यक छ । सम्बन्धित निकायले यसका लागि बजेटको अभाव छ भन्दै आएको छ । मैले सम्बन्धित मन्त्रालय र स्वयं अर्थमन्त्रीसँगको छलफलमा ध्यानाकर्षण गराएको छु । सङ्घदेखि प्रदेशसम्म सम्बन्धित निकाय सबैले सुरु गरिहाल्छौँ भन्ने तर काम हुन नसकेको अवस्था छ ।

सुनसरीस्थित धार्मिक वन प्राकृतिक तालतलैयालाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सकिन्छ । थारू समुदायका धर्म, संस्कृति र धार्मिक वनको संरक्षण र प्रवर्द्धनमार्फत जिल्लामा पर्यटक भित्र्याउन मद्दत पुग्छ । बर्जु गाउँपालिकास्थित बर्जुताललाई गुरुयोजनासहित निर्माण गर्न सकेमा पर्यटकीयस्थलका रूपमा विकास गर्न सकिन्छ । दक्षिणतर्फका पर्यटक भित्र्याउन सहयोग गर्छ । यसबाट प्रदेशको राजस्व बढाउन सकिन्छ ।

**महिला नेतृत्वमाथि विश्वासको प्रश्न**

समाजमा पितृसत्तात्मक सोच छ । महिला भएका कारण विभेद भोग्नु पर्दैन भन्न सक्ने वातावरण पूर्णरूपमा बनिसकेको छैन । महिला जनप्रतिनिधिलाई महिला भएका कारण कम विश्वास गर्ने प्रवृत्ति नभएको होइन । अहिले प्रतिनिधित्व बढ्दैछ । पार्टीका सुरुआतमा तलैदेखि महिलाको सहभागिता कम थियो । पछिल्लो समय नेकपा एमालेले युवा र महिलाको प्रतिनिधित्वलाई बढाउने नीति लिएको छ । पार्टीको जनवर्गीय सङ्गठनको तीव्र विस्तार भएको छ । महिला जनप्रतिनिधिले पनि उपस्थितिमात्र होइन नेतृत्व क्षमतालाई बलियोरूपमा प्रस्तुत गरिरहनुभएको छ । आगामी दिनका लागि यो राम्रो सङ्केत हो ।

(प्रतिनिधिसभा सदस्यमा नेकपा (एमाले)का तर्फबाट सुनसरी जिल्लाबाट निर्वाचित सांसद भगवती चौधरीसँग राससका उपसमाचारदाता सृजना राईले गर्नुभएको कुराकानीमा आधारित)रासस

# एमालले टुङ्ग्यायो राष्ट्रियसभामा निर्वाचनका उम्मेदवार

काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले राष्ट्रियसभा निर्वाचनका लागि १९ सिटमा उम्मेदवारको नाम टुङ्ग्याएको छ । साथै उक्त पार्टीले उम्मेदवारको नाम सार्वजनिक गरेको छ ।



एमालेले आइतबार जारी गरेको विज्ञप्तिअनुसार कोशी प्रदेशबाट सुनसरीकी रुक्मिणी चौधरी र भोजपुरका पर्शुराम अधिकारीलाई उम्मेदवार बनाइएको छ । मधेस प्रदेशबाट पर्साकी उषादेवी थरूनी र महोत्तरीका अर्जुनकुमार सिंहलाई उम्मेदवार बनाएको छ । बागमती प्रदेशबाट दोलखाकी रोचकुमारी चौलागाईं, चितवनका त्रिलोचन निर्मल पौडेल, काठमाडौँका विवेक देवकोटा र धादिङका ध्रुवराज विश्वकर्मालाई उम्मेदवार बनाएको छ ।

त्यसैगरी गण्डकी प्रदेशमा गोरखाकी सम्झना देवकोटा, स्याङ्जाका चक्रबहादुर पराजुली र मुस्ताङका हेमचन्द्र शेरचनलाई उम्मेदवार बनाउने निर्णय गरेको एमालले जनाएको छ ।

सो पार्टीले लुम्बिनी प्रदेशमा दाङकी तुलसाकुमारी केसी र पाल्पाका झपेन्द्रबहादु घर्ती, कर्णाली प्रदेशमा हुम्लाकी विमलाकुमारी शाही, मुगुका डिल्लीप्रसाद भट्ट र दैलेखका हिक्मत विक उम्मेदवार बनाएको छ । सुदूरपश्चिम प्रदेशमा कैलालीकी सावित्रादेवी घिमिरे, कञ्चनपुरका ईश्वरीप्रसाद खरेल र कैलालीका रामचन्द्र जोशी उम्मेदवार बनाएको एमालेले जनाएको छ ।

राष्ट्रियसभामा आगामी माघ ११ गते हुने निर्वाचनका लागि सोमबार मनोनयन दर्ता हुँदैछ ।रासस

# राप्रपाले पुस २७ गते चियापान कार्यक्रम गर्ने




काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले यही पुस २७ गते ३०२ औँ पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा भृकुटीमण्डपमा शुभकामना आदानप्रदान तथा चियापान समारोह आयोजना गर्ने भएको छ ।

उक्त कार्यक्रममा राष्ट्रपति, प्रधानमन्त्री, विभिन्न राजनीतिक दलका नेता, कूटनीतिक तथा संवैधानिक निकायका प्रतिनिधि, धार्मिक सङ्घ सङ्गठन, उद्योगी, व्यवसायी, विभिन्न पेशाकर्मी, बुद्धिजीवी लगायतलाई निमन्त्रणा गरिएको प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँले विभिन्न राज्यलाई एकीकृत गरी आधुनिक नेपाल निर्माणमा योगदान गरेका राष्ट्र निर्माताको सम्मानमा हुने चियापान समारोहमा राष्ट्रपति, प्रधानमन्त्री सहभागी हुनुहुने जानकारी दिनुभयो । सोही दिन सो पार्टी केन्द्रले सिंहदरबारस्थित शालिकमा माल्यार्पण कार्यक्रम गर्नेछ ।

उहाँका अनुसार पार्टीले सोही दिनलाई राष्ट्रिय एकता दिवसका रुपमा केन्द्र, प्रदेश र स्थानीय तीनै तहमा पृथ्वीनारायण शाहको व्यक्तित्व तथा इतिहास झल्काउने गरी सभा गोष्ठी, शुभकामना आदानप्रदान तथा चियापान समारोह, अन्तर्क्रिया, दिपावलीलगायत कार्यक्रम गरी उत्सवका रुपमा मनाउन पार्टी मातहतका सबैलाई पत्राचार गरिएको छ ।

प्रवक्ता श्रेष्ठका अनुसार सोही दिन 'पृथ्वीनारायण' शीर्षकमा कविता लेखन प्रतियोगिताको नतिजा प्रकाशन गरी पहिलो, दोस्रो र तेस्रोलाई क्रमशः रु एक लाख रु ५० हजार र रु २५ हजार तथा सान्त्वना विजेता तीन जनालाई प्रतिव्यक्ति रु १० हजार पुरस्कार प्रदान गरिनेछ । पृथ्वीजयन्ती दिवसका रुपमा देशभर मनाउन पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वमा मूल समारोह समितिसमेत गठन गरिएको छ ।रासस

# बागमती प्रदेशबाट तीन सय ४७ ले मतदान गर्ने

मकवानपुर । बागमती प्रदेश, राष्ट्रियसभा सदस्य पदको निर्वाचनका लागि आइतबार अन्तिम मतदाता नामावलीको सूची सार्वजनिक गरिएको छ । प्रदेश निर्वाचन कार्यालय मकवानपुरले बागमती प्रदेश (क्लस्टर) मा चार पदको निर्वाचनका लागि कुल तीन सय ४७ मतदाताको सूची सार्वजनिक गरेको हो ।




निर्वाचन अधिकृत श्रीप्रसाद सञ्जेलले चार पदका लागि यही पुस २३ गते बिहान १० बजेदेखि अपराह्न ३ बजेसम्ममा राजनीतिक दलहरुका तर्फबाट र स्वतन्त्र उम्मेदवारहरुले आ-आफ्नो उम्मेदवारी दर्ता गर्ने समय निर्धारण गरिएको जानकारी दिनुभयो ।

राष्ट्रियसभा सदस्य निर्वाचनमा बागमती प्रदेशसभाका एक सय १० जना प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख/उपप्रमुख दुई सय ३७ जना गरी कुल तीन सय ४७ मतदाताको नामावली सार्वजनिक गरिएको बागमती प्रदेश निर्वाचन कार्यालयका सहायक निर्वाचन अधिकृत तारा आचार्यले जानकारी दिनुभयो ।

कुनै पनि मतदाताको नामको विरुद्धमा उजुरी नपरेको र सो नामावलीमाथि थप संशोधन गर्न नपरेकाले जम्मा तीन सय ४७ मतदाता राष्ट्रियसभा सदस्य पदको निर्वाचनमा मतदान गर्न पाउने भएको बागमती प्रदेश निर्वाचन अधिकृत सञ्जेलले बताउनुभयो ।रासस


**मधेश कृषिविश्वविद्यालय**

**राजविराज न.पा.–३, मधेशप्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

**(प्रकाशित मितिः २०८०/०९/२३)**

यस विश्वविद्यालयले ल्याब उपकरण सामाग्रीका ठेक्काको मूल्याङ्कनबाट तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| ठेक्का नम्बर | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रू मा (मु.अ.कर बाहेक) |
|---|---|---|
| MAU/saptari/goods/NCB/02/2080/081 (Procurement & Delivery of Lab Equipment for Madhesh Agricultural University) | M/s Jai Shree Shyam Trading Concern, Kuleshwor–14, Kathmandu | ७४,४८,१००।०० (चौहत्तर लाख अठचालिस हजार एक सय मात्र) |

**रजिष्ट्रार**

# कडा सुरक्षा व्यवस्थाबीच बङ्गलादेशमा मतदान



एएनआई

ढाका । बङ्गलादेशमा आइतबार हुने १२औं राष्ट्रिय निर्वाचनमा करिब १७ करोड जनताको २९९ प्रतिनिधि (सांसद) चुन्नका लागि आइतबार बिहानैदेखि मतदान सुरू भएको छ।

प्रधानमन्त्री शेख हसिनाको राजीनामा र कामचलाउ सरकारद्वारा निर्वाचन गर्न गरेको विपक्षी दलको मागलाई वेवास्ता गरेको र यस्तो अवस्थामा हुने निर्वाचन स्वतन्त्र तथा निष्पक्ष हुनेमा आशङ्का गर्दै पूर्वप्रधानमन्त्री खालिदा जिया नेतृत्वको प्रमुख विपक्षी दल बङ्गलादेश नेशनलिस्ट पार्टी (बीएनपी) सहितका केही दलले आइतबारको मतदान बहिस्कार गर्ने घोषणा गरेका छन्।

आइतबार बिहान ८ बजेपछि जारी निर्वाचनका लागि ४२ हजारभन्दा बढी मतदान केन्द्रहरू निर्धारित गरिएको छ। अपरान्ह् ४ बजेसम्म मतदान केन्द्रभित्र लाइनमा पुगेका मतदाताले साँझ अबेरसम्म पनि मतदान गर्न पाउनेछन्। यो निर्वाचनका लागि कूल ११ करोड ९६ लाख व्यक्ति मतदान गर्न योग्य रहेका छन्। निर्वाचन आयोगका अनुसार लगभग करिब १२ करोड योग्य मतदाताहरू मध्ये झण्डै आधा महिलाहरू छन् भने पहिलो पटक मतदानका लागि योग्य बनेका मतदाताहरूको सङ्ख्या लगभग एक करोड ५० लाख रहेको छ।

अल जजिराका अनुसार प्रमुख विपक्षी दल बीएनपीको अनुपस्थितिमा प्रधानमन्त्री शेख हसिनाले लगातार चौथो कार्यकाल जित्ने अपेक्षा गरिएको छ। मतदानको प्रारम्भिक परिणाम सोमबार बिहानसम्म आइसक्ने बताइएको छ। बीएनपीले शनिबारदेखि नै हिंसा र प्रदर्शनकारीहरूमाथिको दमनका बीच 'अवैध सरकार' विरुद्ध ४८ घण्टे राष्ट्रव्यापी हडताल सुरु गरेको छ।

सर्वोच्च अदालतले गत पुस ५ गते निर्वाचन आयोगलाई निर्वाचन अघि बढाउन अनुमति दिएको थियो।ढाका ट्रिब्यूनको रिपोर्टअनुसार स्वास्थ्य सेवा महानिर्देशनालय (डीजीएचएस) ले सुरक्षा चिन्तालाई उजागर गर्दै बङ्गलादेशभरका निजी अस्पताल र क्लिनिकहरूलाई स्वास्थ्य सेवाहरू सञ्चालन गर्न र शनिबारदेखि बुधबारसम्म आपतकालीन अवस्थाको सामना गर्न तयार रहन निर्देशन दिएको छ।

निर्वाचन आयोगका अनुसार निर्बाचनमा २७ दल र स्वतन्त्रसमेत गरी कूल एक हजार ५०० उम्मेदवारले प्रतिस्पर्धा गर्नेछन्।

छिटफुट झडप, एक जनाको मृत्यु

बङ्गलादेशमा आइतबार बिहान सुरु भएको आम निर्वाचनका क्रममा छिटपुट झडप भएका अधिकारीले बताएका छन्। आइतबार निर्वाचन भइरहेको समयमा एक व्यक्तिको छुरा प्रहार गरी हत्या गरिएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन्।

स्वतन्त्र उम्मेदवारका समर्थकले सत्तारुढ अवामी लिगका उम्मेदवारका समर्थकलाई छुरा प्रहार गरी हत्या गरेको स्थानीय प्रहरी अधिकारीलाई उद्धृत गर्दै फाइनान्सियल एक्सप्रेसले जनाएको छ।

मुंशीगञ्जको सदर उपजिल्लाको मिरकादिमको तेन्गोरमा स्थानीय समयअनुसार आइतबार बिहान ९:४५ मा स्वतन्त्र उम्मेदवारका समर्थकले पीडितमाथि धारिलो हतियार प्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ।

घटनाको जानकारी पाएपछि प्रहरी घटनास्थलमा पुगेर स्थिति नियन्त्रणमा लिएको थियो। ढाका ट्रिब्युनका अनुसार चट्टोग्राममा प्रहरी र बीएनपीका सदस्यबीच झडप भएको छ। कम्तीमा केही बीएनपी सदस्यहरूले बन्दरगाह शहरमा ४८ घण्टा लामो हडताल लागू गर्नका लागि जुलुस निकाल्ने प्रयास गरेपछि विवाद सुरु भएको थियो र प्रहरीले उनीहरूलाई रोक्ने प्रयास गरेको थियो।

स्थानीय सञ्चारमाध्यमका अनुसार मुन्शीगञ्जका आवामी लीगका समर्थकमाथि मतदान सुरु भएको करिब डेढ घण्टापछि स्थानीय मतदान केन्द्र नजिकै टाउकोको पछाडिको भागमा छुरा प्रहार गरिएको र उनको घटनास्थलमा नै मृत्यु भएको थियो।

# अफगानिस्तानबाट २७ मिलियन डलरको केशर निर्यात



सिन्ह्वा

काबुल । अफगानिस्तानले विगत आठ महिनामा २७ मिलियन अमेरिकी डलरको केशर निर्यात गरेको छ। उद्योग तथा वाणिज्य मन्त्रालयका प्रवक्ता अखुन्दजादा अब्दुल सलाम जवादले आइतबार सो तथ्याङ्क सार्वजनिक गर्नु भएको हो।

लगभग १८ हजार ६२० किलोग्राम बहुमूल्य केशर निर्यात भएको टोलोन्युजले उल्लेख गरेको छ।

अफगानिस्तानमा स्थानीय रूपमा "रातो सुन" भनेर चिनिने मूल्यवान् मसला प्रायः भारत, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, टर्की, इन्डोनेसिया, स्पेन, जर्मनी, संयुक्त राज्य अमेरिका र बेलायतमा निर्यात हुने गरेको जावादले बताउनु भएको छ। पश्चिमी हेरात प्रान्तमा केशरको अत्यधिक खेती गरिएको छ।

यसैबीच, कृषि, सिँचाइ तथा पशुपक्षी मन्त्रालयले द्वन्द्वग्रस्त मुलुकका अन्य प्रदेशमा पनि केशर खेतीलाई प्रवर्द्धन गर्ने प्रयासस्वरुप २ सय कृषकलाई तालिम प्रदान गरेको जनाएको छ।

अफगानिस्तानका निर्यात हुने प्रमुख वस्तुहरूमा कोइला, केशर, ताजा र सुख्खा फलफूल, हातले बुनेको गलैंचा र बहुमूल्य ढुङ्गा (पत्थर) आदि पर्दछन्।

# चिसोका कारण दिल्लीका विद्यालयहरूमा पठनपाठन बन्द रहने



एएनआइ

नयाँदिल्ली । चिसो मौसमका कारण नर्सरीदेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि आगामी जनवरी १२ सम्म विद्यालय बन्द हुने भएका छन्।

दिल्लीका महिला तथा बालबालिका विकाससम्बन्धी दिल्लीका मन्त्री आतिशी मार्लेनाले भन्नुभयो, "चिसो मौसमका कारण नर्सरीदेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि दिल्लीका विद्यालयहरू आगामी ५ दिन बन्द रहनेछन्।"

दिल्ली सरकारले अघिल्लो आदेशमा 'अत्यधिक शीतलहर' र राष्ट्रिय मौसम विज्ञान विभागले दिएको चिसो मौसम हुने पूवानुमानको चेतावनी' लाई ध्यानमा राख्दै राष्ट्रिय राजधानी क्षेत्र (एनसीटी) का सबै सरकारी सहायता प्राप्त, गैर-सहायता प्राप्त र सरकारी मान्यता प्राप्त निजी विद्यालयहरूमा जाडो बिदा जनवरी १० सम्म लम्ब्याएको छ।

यद्यपि, जारी भएको केही घण्टापछि दिल्ली सरकारले राष्ट्रिय राजधानीभित्रका विद्यालयहरूमा जाडो बिदाको विस्तारसँग सम्बन्धित त्यो आदेश फिर्ता लिएको थियो।

दिल्ली, पूर्वी राजस्थानका केही भाग, उत्तर पश्चिम राजस्थान, हरियाणा र पञ्जाबका केही भागहरूमा घाम नलाग्दा केही दिनदेखि मौसमको अवस्था अत्यधिक चिसो बनेको छ। विभिन्न स्टेशनहरूमा रेकर्ड गरिएको अधिकतम तापमानले वर्षको यस समयको लागि सामान्य दायराबाट महत्वपूर्ण प्रस्थान प्रदर्शन गर्‍यो।

भारतीय मौसम विज्ञान विभाग (आईएमडी) का अनुसार दिल्ली, पञ्जाब, हरियाणा र राजस्थानमा आगामी एक दिन अत्यधिक चिसोको स्थिति जारी रहने छ। पञ्जाब र हरियाणाका धेरै भागहरूमा अधिकतम तापक्रम ९-१२ डिग्री सेल्सियसको हाराहारीमा रहने छ र उत्तरी राजस्थान, दिल्ली, उत्तर-पश्चिम मध्य प्रदेश र उत्तर प्रदेशका केही भागहरूमा १३-१६ डिग्री सेल्सियसको नजिक रहने छ।

यी क्षेत्रहरूमा चिसो ४-९ डिग्री सेल्सियसभन्दा कम रेकर्ड गरिएको छ। राजस्थान, पञ्जाब, हरियाणा-चण्डीगढ-दिल्ली, उत्तर प्रदेश, उत्तरपश्चिम मध्य प्रदेश, बिहार र झारखण्डको न्यूनतम तापक्रम ६ देखि १५ डिग्री सेल्सियसको बीचमा रहेको जनाइएको छ।

# भूकम्प गएको पाँच दिनपछि जपानमा वृद्धाको सकुशल उद्धार



एएफपी

सुजु, जापान । मध्य जापानमा गएको विनाशकारी भूकम्पका कारण पाँच दिनदेखि भग्नावशेषमा फसेकी ९० वर्षभन्दा बढी उमेरकी महिलालाई शनिबार उद्धार गरिएको छ।

सरकारले उद्धार प्रयास जारी राखिएको जनाएको छ तर हिम बर्षा र आँधीबेहरीका कारण आइतबार राहत वितरण तथा उद्धार कार्य जटिल हुनसक्ने बताएको छ।जापानमा जनवरी १ मा गएको ७.५ म्याग्निच्यूडको भूकम्प र त्यसपछिका पराकम्पनमा परी कम्तीमा १२६ जनाको मृत्यु भएको र अन्य २२२ जना हराइरहेको स्थानीय अधिकारीले जानकारी दिएका छन्।

भूकम्पको झट्का र त्यसपछिका पराकम्पनले भवनहरू भत्किएका थिए। ठूलो आगलागी भएको थियो र एक मिटरभन्दा अग्ला सुनामी छालहरू उत्पन्न भएका थिए। विनाशकारी भूकम्प गएको तीन दिनपछि जीवित व्यक्तिहरू भेट्टाउने आशा प्रायः धुमिल हुन्छ। तर, सुजु शहरमा भत्किएको घरको भग्नावशेषमुनि पाँच दिन बिताएकी ती वृद्धालाई शनिबार उद्धार गरिएको छ।

उहाँलाई उपचारका लागि अस्पताल लगिएको छ र अस्पतालमा लानु अघि उहाँले प्रश्नको स्पष्ट जवाफ दिइरहेको सरकारी प्रसारक एनएचकेले जनाएको छ।स्थानीय सञ्चारमाध्यमले सार्वजनिक गरेको घटनास्थलको प्रहरी फुटेजमा उद्धारकर्ताहरूले ती महिलालाई उद्धार प्रयास जारी रहेको भन्दै नआत्तिइकन 'त्यहीँ पर्खनुहोस्' भनेको सुन्न सकिन्छ। टोकियो प्रहरीका एक प्रवक्ताले एएफपीलाई टोकियो र फुकुओकाका अधिकारीहरूले एक वृद्धाको उद्धार गरेको पुष्टि गरे पनि थप विवरण दिन चाहेनन्।

सोमबार भूकम्प आएको नोटो प्रायद्वीपका धेरै समुदायहरू भूकम्पका कारण क्षतिग्रस्त सडकहरूले गर्दा राजमार्ग तथा सडक सञ्जालबाट टाढा हुनुपरेको छ। अनुमानित एक हजार पहिरोहरूमध्ये केहीले सडकमार्गलाई पुरेको वा भत्काएका कारणत्यहाँ सहायताका लागि पठाइएका यातायातका साधनहरू पनि बाटोमा नै अलपत्र बनेका छन्।

जापानको मुख्य होन्शु टापूको समुद्री तटमा रहेका प्रायद्वीपमा आइतबार दिउँसोसम्ममा चिसो वर्षाको सम्भावना रहेको बताइएको छ।

**हेलीकोप्टरमार्फत् सहायता पुर्‍याइँदै**

हजारौं प्रहरी, सेना र अन्य उद्धारकर्मीहरूको उद्धार अभियानलाई खराब मौसमले चुनौतीपूर्ण बनाएको छ।राहत सामग्रीहरू पानी र बिजुली कटौती भएका क्षेत्रहरूमा पुग्न ढिलो भएका कारण शनिबारसम्म ३६६ वटा सरकारी आश्रयस्थलमा रहेका ३० हजारभन्दा बढी मानिसहरूको अवस्थालाई अझ खराब बनाउन सक्ने अधिकारीहले बताएका छन्।

प्रधानमन्त्री फुमियो किशिदाले आइतबार एनएचकेलाई दिएको एक अन्तर्वार्तामा भन्नुभयो, "पहिलो प्राथमिकता भग्नावशेषमा रहेका मानिसहरूको उद्धार गर्नु र एकान्तमा रहेका समुदायहरूमा पुग्नु हो।सेनाले प्रत्येक पृथक समुदायमा सैनिकका स-साना समूहलाई पैदल नै प्रभावित क्षेत्रमा पठाएको उहाँले बताउनुभयो।

प्रभावित क्षेत्रका नागरिकलाई हवाई मार्गबाट सहयोग गर्न सरकारले 'विभिन्न प्रहरी र अग्नि नियन्त्रक विभागका हेलिकप्टरहरू पनि तैनाथ गरेको किशिदाले बताउनुभयो। "विपत्तिमा पीडितहरूको स्वास्थ्यको ख्याल गर्दै हामीले आश्रयस्थलहरूको अवस्था सुधार गर्न आवश्यक छ," उहाँले भन्नुभयो।

जापानमा हरेक वर्ष सयौं भूकम्प जाने भएपनि पछिल्ला दशकहरूमा भूकम्प प्रतिरोधी संरचनाका कारण अधिकांश भूकम्पमा कुनै क्षति हुने गरेको छैन।

# दक्षिण कोरियाको सीमावर्ती टापुका बासिन्दालाई घरभित्रै बस्न निर्देशन



एएफपी

सियोल। दक्षिण कोरियाको सीमावर्ती टापु योन्प्योङमा उत्तर कोरियाले लगातार तेस्रो दिन 'प्रत्यक्ष युद्धभ्यास' गरिरहेको अधिकारीलाई उद्धृत गरी दक्षिण कोरियाली सञ्चारमाध्यमले जनाएका छन्।

उत्तर कोरियाले योन्प्योङ र बाङ्न्योङ नजिकै २०० भन्दा बढी तोपको गोला प्रहार गरेपछि प्योङ्याङले सीमा नजिकका दक्षिण कोरियाली दुई टापुका बासिन्दालाई शुक्रबार वस्ती खाली गर्न आदेश दिइएको थियो।दक्षिण कोरियाका ज्वाइन्ट चिफ अफ स्टाफले सन् २०१८ मा तनाव कम गर्ने सम्झौताअन्तर्गत बनेको मध्यवर्ती क्षेत्रमा गोला खसेको बताएका थिए। गत नोभेम्बरमा उत्तर कोरियाले जासुसी उपग्रह प्रक्षेपण गरेपछि उक्त सम्झौता टुटेको थियो।

दक्षिण कोरियाको सीमावर्ती टापु योन्प्योङले उत्तर कोरियाले लगातार तेस्रो दिन समुद्री सीमा नजिक 'लाइभ फायर ड्रिल' गरिरहेका बेला त्यहाँका बासिन्दालाई आइतबार घरभित्रै बस्न चेतावनी दिएको स्थानीय अधिकारीले एएफपीलाई बताएका छन्।"अहिले उत्तर कोरियाली सेनाले गोली चलाएको आवाज सुनिएको छ", सबै बासिन्दालाई पठाइएको सन्देशमा भनिएको छ, "बासिन्दाहरूलाई बाहिरी गतिविधिहरूबारे सावधान रहन आग्रह गरिन्छ।"

**उत्तर कोरियाली नेता किमकी बहिनीद्वारा युद्धभ्यास नगरिएको दावी**

उत्तर कोरियाली नेता किम जोङ उनकी बहिनीले प्योङ्याङले एक दिनअघि आफ्नो सीमानजिकै दर्जनौं राउन्ड गोली चलाएको भन्ने सियोलको दाबीको खण्डन गर्नुभएको छ।

"हाम्रो (उत्तर कोरियाली) सेनाले सामुद्रिक क्षेत्रमा एउटा पनि गोला प्रहार गरेको छैन," किम यो जोङलाई उद्धृत गरी उत्तर कोरियाली समाचार संस्था (केसीएनए) ले बताएको छ। किमले आफ्नो देशको सेनाले ६० पटक गोली चलेको आवाजको नक्कल गर्दै सामान्य विस्फोटक पदार्थ विस्फोट गराएको र दक्षिण कोरियाली सेनाको प्रतिक्रिया हेरेको दाबी गर्नुभएको छ। "हामीले अपेक्षा गरेजस्तै नतिजा आयो", उहाँले भन्नुभयो, "उनीहरूले विष्फोटक पदार्थको आवाजलाई गोलीको रूपमा गलत अनुमान गरे, यो तोपखानाको गोली हो भन्ने ठाने र निर्लज्जतापूर्वक झूट बोले।""भविष्यमा, उनीहरूले उत्तरी आकाशमा गर्जनको आवाजलाई पनि हाम्रो सेनाको तोपखाना फायरको रूपमा गलत अनुमान गर्नेछन्," उहाँले भन्नुभयो।

गत वर्ष उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नो देशको संविधानलाई आणविक शक्तिको दर्जा दिएको र धेरै उन्नत आइसिबीएमको परीक्षण गरेपछि दुई कोरियाबीचको सम्बन्ध दशकौंयताकै सबैभन्दा तल्लो बिन्दुमा पुगेको छ।प्योङ्याङको यस वर्षको अन्त्यमा भएको नीतिगत बैठकमा किमले दक्षिण कोरियामाथि आणविक आक्रमणको धम्की दिँदै सशस्त्र द्वन्द्वअघि आफ्नो देशको सैन्य शस्त्रागार निर्माण गर्न आह्वान गर्नुभएको थियो।

# इजराइली आक्रमणमा दुई पत्रकारको मृत्यु



एएफपी

गाजापट्टी । इजराइली आक्रमणमा प्यालेस्टिनी क्षेत्रमा दुई पत्रकार मारिएको गाजामा हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले आइतबार बताएको छ।

एएफपी समाचार समितिका भिडियो स्ट्रिन्जर मुस्तफा थुरिया र अल जजिरा टेलिभिजन नेटवर्कका पत्रकार हम्जा वेल दहदौह कारमा यात्रा गरिरहेको बेला मारिएको मन्त्रालय र चिकित्सकहरूले बताएका छन्।

हम्जाका बुबा वाएल अल-दहदौह गाजापट्टीमा अल जजिराका ब्युरो प्रमुख हुनुहुन्छ र हालैको एक आक्रमणमा उहाँ पनि घाइते हुनुभएको छ। युद्धको सुरुआती साताहरूमा एउटा छुट्टै इजराइली आक्रमणमा उहाँकी पत्नी र दुई छोराछोरी मारिएपछि उहाँ घाइते हुनभएको थियो। थुरियाले सन् २०१९ देखि एएफपीसँग काम गर्नुभएको थियो। न्युयोर्कस्थित कमिटी टु प्रोटेक्ट जर्नालिस्ट्सका अनुसार अक्टोबर ७ मा इजराइल र हमासबीच युद्ध सुरु भएपछि डिसेम्बर ३१ सम्म कम्तीमा ७७ पत्रकार र मिडियाकर्मी मारिएका छन्। तीमध्ये ७० प्यालेस्टिनी, चार इजराइली र तीन लेबनानी रहेका छन्।

# किसानले हिउँदेबाली लगाउन सकेनन्

**टुडे समाचारदाता**

काठमाण्डु । हिमाली जिल्ला जुम्लामा वर्षा र हिमपात नहुँदा हिउँदेबाली लगाउन अझै पाइएको छैन । हिउँदयाममा पानी नपरेकाले हिउँदे बालीअन्तर्गत गहुँ र जौकोखेती लगाउन नपाइएको तिला गाउँपालिका-१ किसान जयबहादुर बुढाले जानकारी दिए ।



आकाशे पानीकाभरमा रहेका रारावासी समयमा वर्षा नहुँदा हिउँदेखेती गर्न नपाइएला भन्ने चिन्ताले सताएको सोही ठाउँ निवासी सपुरा रावतको गुनासो थियो । सिँचाइ सुविधा नहुँदा राराका करिब दुई सय ८० घरले हिउँदेबाली लगाउन नपाएको वडाध्यक्ष जङ्गबहादुर बस्नेतले जानकारी दिए । गाउँमा रोजगारीको सम्भावना नहुँदा घरखर्च चलाउनका लागि भारत जानेको रारा गाउँका संख्या धैरे रहेको उनको भनाइ ।

हिउँदयाम लागे पनि वर्षा र हिमपात हुन सकेको छैन । जिल्लाका कतिपय ठाउँमा पानी नपर्दा किसानले हिउँदेबाली लगाउन नसकेको कृषि विकास कार्यालयका सूचना अधिकारी शेरबहादुर भण्डारीले बताए ।

हिउँदमा यहाँका उच्च ठाउँमा लगाइएका खेतीमा वर्षा नहुँदा बाली सुक्न थालेको सम्बद्ध किसानले बताए । जुम्लामा सबैभन्दा चिसो माइनस छ दशमलव छ डिग्री सेल्सियस तापक्रम रहेको हावापानी फिल्ड कार्यालयले जनाएको छ ।

गत वर्ष पुसको अन्तिम साता हिमपात भएकामा यस वर्ष वर्षा र हिमपात नभएपछि यहाँका किसानले लगाएको हिउँदेबालीको उत्पादनमा कमी आउने तातोपानी गाउँपालिकाका किसान सुनिता पाण्डेले जानकारी दिए ।

हिउँदेबाली लगाउने समयदेखि खडेरीका कारण लगाइएको बालीसमेत सुक्न थालेको छ । लामो समयसम्म परेको खडेरीले जिल्लामै गहुँ, जौलगायत बालीको उत्पादनमा निकै कमी हुने सिञ्जा गाउँपालिमा रहेको कृषि शाखाले जनाएको छ ।

# नेप्से परिसूचक २६ दशमलव ३६ अङ्कले घट्यो



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा २६ दशमलव ३६ अङ्कको गिरावट देखिएको छ । आइतबार नेप्से परिसूचक एक दशमलव २८ प्रतिशतले घटेर दुई हजार २२ दशमलव ९२ को विन्दुमा कायम भएको हो ।

आइतबार तीन सय चार कम्पनीको एक करोड ५२ लाख ६८ हजार तीन सय ९९ कित्ता शेयर ९८ हजार छ सय ३२ पटक खरिदबिक्री हुँदा रू पाँच अर्ब २४ करोड १४ लाख आठ हजार तीन सय ७९ बराबरको कारोबार भएको छ ।

जलविद्युत् समूहको उपसूचक एक दशमलव तीन प्रतिशतले बढ्दा अरु सबै समूहको उपसूचक घटेका छन् । सबैभन्दा धैरै जीवन बीमा समूह दुई दशमलव ४० र व्यापार समूह दुई दशमलव १४ प्रतिशतले घटेका हुन् । आइतबारको कारोबारमा तेह्रथुम पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागको छ ।

सबैभन्दा धैरै गुमाउनेमा भने मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ६९ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धैरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू २८ करोड ५६ हजार चार सय चार बराबरको पाँच लाख ५७ हजार एक सय ५९ कित्ता शेयर किनबेच भएको छ ।

# पचासी लाखको जुत्ताचप्पल बिक्री

**टुडे समाचारदाता**

झापा । नेपाली जुत्ताचप्पल उद्योगी समूह र बिर्तामोड सिटी सेन्टर इन्भेस्टमेन्ट प्रालिले बिर्तामोडमा आयोजना गरेको 'प्रथम जुत्ताचप्पल व्यापार महोत्सव'मा दश दिनमा रु ८५ लाखको कारोबार भएको छ ।



यही पुस ९ गते देखि माघ ९ गतेसम्म महोत्सव सञ्चालन हुनेछ । महोत्सवको दश दिनमा ६० हजारले मेला अवलोकन गरेका नेपाली जुत्ताचप्पल उद्योगी समूहका पूर्व अध्यक्ष होम उपाध्यायले बताए । एक महिनामा एक लाख ५० हजार दर्शकलाई अवलोकन गराउने भन्दै रु तीन करोडको जुत्ताचप्पल बिक्री गर्ने लक्ष्य रहेको उहाँले जानकारी दिए ।

बिर्तामोड सिटी सेन्टर इन्भेस्टमेन्ट प्रालिका सञ्चालक उमेश राउतले महोत्सवमा आठ कम्पनीका १५ ब्रान्डका तीन हजार डिजाइनका जुत्ताचप्पल बिक्रीका लागि राखिएको बताए ।

पछिल्लो समय स्वदेशमा उत्पादित गुणस्तरीय जुत्ताचप्पलले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गरिरहेको जनाउँदै नेपाली जुत्ताचप्पल उद्योगी समूहका पूर्व अध्यक्ष उपाध्यायले सामूहिक ब्रान्डिङ र शोरुमको अभ्यास थालिएको बताए । उनका अनुसार महोत्सवमा २० देखि ५० प्रतिशतसम्म छुटको व्यवस्था रहेको छ ।

हाम्रो जुत्ता घर नामक फेसबुक पेज लाइक गर्नेहरुलाई सामान खरिदमा दुई प्रतिशत ' क्यास ब्याक' अफर दिइएको आयोजकले जनाएको छ । व्यापारी टीका उप्रेतीले महोत्सवमा उत्साहजनक व्यापार भइरहेको बताए । "दैनिक एउटा स्टलबाट रु २५ हजारसम्म बिक्री भइरहेको छ । आगामी दिनमा अझ बढ्ने आशा गरेका छौं", उनले भने ।

# लोप हुँदै गुन्द्री

**टुडे समाचारदाता**

अत्तरिया । पछिल्लो समय बजारीकरणको अभावमा गुन्द्री बुन्ने परम्परा लोप हुँदै गएको छ । आजभोलि हातले बुनेका पटेराका गुन्द्री पाउनै मुस्किल छ । ओछ्याउन, बस्न, अन्न सुकाउनलगायत काममा प्रयोग हुने गुन्द्रीको प्रयोग कम हुँदै गएको छ ।

बजारमा कम मुल्यमा प्लाष्टिकका गुन्द्री पाइन थालेपछि बुनेका गुन्द्री बिक्न छाडेकाले स्थानीय बताउँछन् । बाबियो र जुटको तानमा पटेराको प्रयोग गरेर बनाइने गुन्द्री अहिले बिरलै देख्न पाइन्छन् । गाउँघरमा पक्की घर बनेसँगै घरेलु हस्तकलाका सामग्रीको प्रयोग घट्दै गएका छन् ।

कैलालीको धनगढी उपमहानगरपालिका-६ शिवनगर टोलकी ५० वर्षीया भाग्गीदेवी सार्कीले विगत लामो समयदेखि पटेरोको गुन्द्री बुन्दै आएकी छन् । उनले पहिले सिजनमा सात सयदेखि आठ सयसम्म गुन्द्री बिक्री गर्ने गरेको बताए । आजभोलि कहिलेकाहीँ मौत्र बुन्ने गरेको उनको भनाइ थियो ।



"पहिले गुन्द्री राम्रै बिक्री हुन्थ्यो । सिजनमा सात सयदेखि आठ सयसम्म गुन्द्री बेच्थ्यौं । अहिले बिक्री हुँदैनन् । मेहनत पनि धैरै लाग्छ । त्यसैले कहिलेकाहीँ मात्रै गुन्द्री बुन्ने गर्छौं", सार्कीले भने, "यो गाउँमा पहिले करिब ६५ परिवारले गुन्द्री बुन्ने काम गर्नुहुन्थ्यो । अहिले चार/पाँच जनाले मात्रै बुन्छौं ।" आजभोलि पटेरोको अभाव हुने भएकाले पनि गुन्द्री लोप हुने अवस्थामा पुगेको उनले बताए ।

लागत धैरै लाग्ने र बिक्री गर्न समस्या हुने भएकाले गुन्द्री बुन्ने चलन कम हुँदै गएको सोही गाउँका वीरबहादुर सार्कीले बताए । ७२ वर्षीय वीरबहादुरले पुर्ख्यौली पेसा भएकाले पहिलेदेखि नै गुन्द्री बुन्ने काम गर्दै आएको बताउँदै अहिले यसको प्रयोग घटेसँगै कहिलेकाहीँ मात्रै बुन्ने गरेको सुनाए ।

"यसमा लागत र समय धैरै लाग्छ । पटेरो किनेर ल्याउनुपर्छ । बजारमा प्लास्टिकका गुन्द्री सस्तोमा पाइन्छन् । यसको एउटा गुन्द्री किन्ने पैसाले दुई प्लाष्टिकका आउँछन् । बिक्री गर्नै समस्या छ", वीरबहादुरले भने, ""यसको महत्व बुझ्नेकाले अझै पनि किन्छन् । न्यानो हुन्छ भन्छन् । पक्कीघरमा यसको प्रयोग गर्दा फोहर हुन्छ भन्छन् किन्न मान्दैनन् ।" पहिले सिजनमा दुई सय ५० वटासम्म गुन्द्री बुन्ने गरेको भन्दै अहिले १५/२० मात्रै बुन्ने उनले जानकारी दिए ।

अहिलेका पुस्तामा गुन्द्री बुन्ने सीप नै नभएको वीरबहादुरको भनाइ थियो । उनले भने, "नयाँ पुस्तामा यसको सीप नै छैन । काम पनि झन्झटिलो छ । गुन्द्री बुन्नलाई दुई जना अनिवार्य चाहिन्छ । नयाँ पुस्ताले कसैले पनि यो काम गर्दैनन् ।"

पुर्ख्यौली पेसा नयाँ पुस्तामा हस्तारण हुन नसक्नु, बजारमा पाइने प्लास्टिकका सामग्रीले रैथाने सामग्रीलाई विस्थापित गर्नुलगायत कारणले गुन्द्री बुन्ने पेसा लोप हुँदै गएको धनगढी-६ की वडा सदस्य रीता मगराती (सार्की)ले बताए । "सीप हस्तारण हुन नसक्दा गाउँघरमा गुन्द्री बुन्ने चलन कम हुँदै गएको हो", उनले भने, "बजारीकरणमा पनि समस्या छ । यसलाई समयानुकूल आधुनिकीकरण गर्न सकिएको छैन् ।" यसका लागि आवश्यक पर्ने पटेरोको उत्पादन बढाउन सके केही सहज हुने उनको भनाइ थियो ।

# गहुँबाली जोगाउन रातभर जाग्राम

**टुडे समाचारदाता**

कञ्चनपुर । जङ्गली हात्तीको बथानबाट गहुँबाली जोगाउन शुक्लाफाँटा नगरपालिका- ३ का किसान रातभर जाग्राम बस्न बाध्य भएका छन् । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट आउने हात्तीको बथान भगाउन स्थानीय किसान खेतमै आगो बालेर रातभर जाग्राम बस्दै आएका छन् ।



झण्डै एक महिनादेखि नियमित रुपमा हात्तीको बथान स्थानीय किसानका खेतमा छिरेर गहुँबालीमा व्यापक नोक्सानी पुऱ्याउँदै आएको छ । हालसम्म तीस भन्दाबढी किसानको १५ बिघा खेतको गहुँबालीमा नोक्सानी गरिसकेको स्थानीयवासी महेश महराले बताए ।

प्रत्येक दिन राति १२ बजे निकुञ्जबाट दशदेखि पन्ध्रको संख्यामा छावासहितको हात्तीको बथान स्थानीय किसानको खेतमा छिर्ने गरेको उनको भनाइ छ । गहुँबालीले पेट भरेर बिहान ४ बजेपछि हात्ती निकुञ्जतर्फ लाग्ने गरेका छन् । "हात्तीको बथान लगातार खेतमा छिर्न थालेपछि भगाउन रातभर जाग्राम बस्नु परेको छ" गोविन्द चौधरीले भने, "एक महिनादेखि राम्ररी सुत्न पाएका छैनौं ।"

दश कठ्ठा जग्गामा लगाएको गहुँबाली खाएर र खुट्टाले कुल्चेर पूरै नोक्सानी पुऱ्याएको उनको भनाइ छ । "हात्ती निकुञ्जबाट खेतमा छिरेको मात्रै थाहा पाइने गरिएको छ" अर्का किसान डगौराले भने, "थाहा पाउँदासम्म खेतको गहुँबाली खाइसक्छ ।"हात्ती धपाउन स्थानीय बासिन्दाले पालो मिलाएर सुत्ने गरेका छन् । पटाका पड्काउँदासमेत पड्केको ठाउँतर्फ आक्रमण गर्न हात्ती आउने गरेकाले भगाउन निकै सकस रहेको उनी बताउछन् ।

स्थानीयस्तरमा बन्दुक बनाई पड्काउने, उज्यालो बनाउन बत्ती बाल्ने, आगो बाल्ने, हो हल्ला गर्ने गरेपछि विस्तारै निकुञ्जतर्फ हात्तीको बथान जाने गरेको उनको भनाइ छ । "खेतकै गहुँ बेचेर घरखर्च चल्थ्यो" जीतेन्द्र चौधरीले भने, "वर्षभरिका लागि खान पुग्थ्यो, हात्तीले गहुँका बोटनै उखेलेर खान थालेपछि निकै तनावमा रहेका छौं ।"

गहुँ खेतीलाई मात्रै सिँचाइ, जोताइ, मलखाद गरी रु बीस हजार जति खर्च भएको उल्लेख गर्दै उनले खेती गर्दा लागेको खर्च नउठ्दा मजदुरी गर्न जानुपर्ने अवस्था आइलागेको उनले बताए । हात्ती नियन्त्रण गर्न निकुञ्ज कार्यालयलाई गुहार गरेपनि बेवास्ता गरिएको वडाध्यक्ष नरेन्द्रप्रसाद चौधरीले बताए ।

"किसानको गहुँबालीमा हात्तीको बथानले निकै ठूलो नोक्सानी गरेको छ" उनले भने, "किसानलाई क्षतिपूर्तिसहित हात्ती नियन्त्रणका लागि भरपर्दो उपाय गरिनुपर्छ ।" स्थानीय किसानले हात्ती नियन्त्रणका लागि साइरन जडानसँगै लाइट, सौर्यबत्ती उपलव्ध गराउनुका साथै मचान निर्माण गरिदिन निकुञ्ज कार्यालयसँग माग गरेका छन् ।

# अलैंचीको भाउ तेब्बर बढ्यो

टुडे समाचारदाता

इलाम । अलैंचीको भाउ बढेपछि इलामका किसान खुसी भएका छन् । 'कालो सुन' भनेर चिनिने अलैंची चार वर्षयताकै उच्च मूल्यमा बिक्री हुन थालेको छ । "अलैंचीको भाउ यति धैरै आउँछ भन्ने लागेको थिएन, आउँदो सालदेखि त जङ्गल फाँडेर सबै अलैंची रोपिन्छ", सूर्योदय नगरपालिका-१ की इन्दिरा अधिकारीले भने, "कालो सुन भन्थे साँच्चै, सुनजस्तै बहुमूल्य हुने भयो ।"

गतवर्षभन्दा झण्डै तीन गुणा बढीले अलैंचीको भाउ बढेको ब्यवसायी जीवन पाण्डेले बताउनुभयो । "गत वर्ष यस याममा प्रतिमन रु २८ हजार थियो, हाल राम्रो अलैंची प्रतिमन रु ८५ हजारसम्म बिक्री भइरहेको छ", उनले भने । अन्तर्राष्ट्रिय बजारमा अलैंचीको माग बढेको छ । किसान तथा व्यापारीसित मागअनुसार अलैंची पर्याप्त नभएकाले यस वर्ष भाउ बढेको उनले बताए । रोगले मासिँदै गएको अलैंचीलाई आधुनिक खेती प्रणाली अपनाएर किसानले पुरानै अवस्थामा पुर्याउने प्रयास गरिरहेका छन् ।

सूर्योदय-१ बाङ्गिनका बिरेन शेरेङले करिब एक सय रोपनी क्षेत्रफलमा अलैंची लगाएका छन् । "वर्षमा २७ देखि ३१ मनसम्म उत्पादन हुन्छ, सबै खर्च कटाएर वार्षिक रु आठ-दश लाख बचत हराएको छैन", उनले भने । आधुनिक खेतीप्रणालीको प्रयोगले अलैंचीमा सुधार गरेपछि इलामका किसानले आम्दानी बढाउन थालेका हुन् । प्रायः किसानले परम्परागत प्रविधिबाट खेती गरिरहेकाले पनि अलैंची मासिएको थियो । मात्रा मिलाएर मलजल र गोडमेल नहुँदा फल दिन सकेको थिएन । अलैंची मासिएर निराश भएको समयमा तालिम लिएर खेती गर्दा पुनः अलैंचीबाट आम्दानी लिन थालेको किसान शेरेङले बताए ।

जिल्लामा यस वर्ष एक हजार तीन सय २० दशमलव पाँच मेट्रिक टन अलैंची उत्पादन भएको छ । यो अघिल्लो वर्षको तुलनामा सात दशमलव ९६ प्रतिशतले धैरे हो । एक हजार सात सय ५३ हेक्टर जमिनमा सो बराबरको अलैंची उत्पादन भएको कृषि ज्ञान केन्द्र इलामसँग तथ्याङ्क छ ।

कार्यालयका कर्मचारी रुन खड्काका अनुसार गत आवमा एक हजार दुई सय १५ दशमलव २६ मेट्रिक टनमात्र अलैंची उत्पादन भएको थियो । "गतवर्ष एक हजार सात सय ५५ हेक्टर जमिनमा अलैंचीखेती गरिएको थियो ।" उनले भने, "अलैंचीको बगान घटे पनि यस वर्ष उत्पादन र उत्पादकत्व वृद्धि भएको छ ।" गत वर्ष प्रतिहेक्टर शून्य दशमलव ६९ उत्पादकत्व रहेकामा चालु आवमा वृद्धि भएर प्रतिहेक्टर शून्य दशमलव ७५ पुगेको उनले बताए ।

दशकअघि इलामका किसानको मुख्य आम्दानीको स्रोत नै अलैंची थियो । अलैंचीकै आम्दानीले घरखर्च चलाउनमात्र होइन, जग्गा-जमिन जोड्नसमेत सहयोग पुगेको थियो । तर अचानक अलैंचीमा रोग देखिएपछि जिल्लाका अधिकांश किसानको रोजीरोटी हरायो, धेरैको आम्दानी ठप्प भयो । विस्तारै अलैंची मासियो तर यसको भाउ भने एकाएक आकाशिएर प्रतिमन रु एक लाखसम्म पनि पुग्यो ।

रोगले हराउँदै गएको अलैंचीलाई किसानले अलैंचीलाई सुधार गरेर उत्पादन पुरानै अवस्थामा पुर्याउने प्रयास थालेका छन् । "पाखामा गाडेरमात्र नहुँदोरहेछ, स्याहार र मलजल गर्न थालेपछि अलैंची सुधार भएको छ", किसान शेरेङले भने, "रोप्ने तरिका र गोड्ने ढाँचा नै परिवर्तन गरेपछि अलैंचीको उत्पादनमा धैरे फरक पाइयो ।" उनले सिँचाइको समस्या नहुने हो भने अझ उत्पादन बढाउन सक्ने बताउनुभएको छ । अलैंची विकास केन्द्रका तत्कालीन प्रमुख पदम अधिकारीसँग चार वर्षअघि लिएको तालिमले व्यावसायिक खेती गर्न सहयोग पुर्याएको उनले बताए । "मेरोमा उत्पादन भएको अलैंची बाग्लुङ, पोखरा, स्याङ्जातिर पनि निर्यात भएको छ", उनले भने, "मैले सधैं बिरुवा उत्पादन गरेर अलैंची विकास केन्द्रलाई दिने गरेको थिएँ, यस वर्ष बिरुवा राख्न फुर्सद भएन, आगामी वर्ष बृहत् गर्नुछ ।"

प्रत्येक एक-एक महिनामा अलैंची गोड्ने काम गर्दा फूल नमर्ने र बोट सेपिलो नहुनाले अलैंची सप्रिएको किसानको अनुभव छ । अर्का किसान मित्रभक्त अधिकारीका अनुसार निश्चित मात्रामा सिँचाइ, फाँड्ने र गोड्नेसँगै, गोठेमलको प्रयोग गर्न थालेपछि अलैंची सुध्रिएको हो । किसानले अलैंचीका लागि सङ्घसंस्था र विज्ञबाट रोप्ने शैली सिकेकाले रोग हट्दै गएको हो ।

अलैंचीबाट आम्दानी लिने दिन गएछ भनेर सोचेका किसान तालिम र परामर्शपछि अलैंची सुध्रिएको बताउँछन् । घरेलु औषधि र मलको प्रयोग अलैंचीलाई महत्त्वपूर्ण हुने उनीहरुको भनाइ छ । दशकअघिको खेती प्रविधि सम्झँदै उनले भने, "त्योबेला अलैंची त दुःख नगरी फल्दोरहेछ, जबर्जस्ती आम्दानी लिएछौं ।" सबै किसानले जुनसुकै खेती गर्नुभन्दा अघि तालिम र परामर्श लिनु जरुरी हुने उनले बताए । किसानले अलैंची मासेर वैकल्पिक खेती लगाएकाले क्षेत्रफल भने घटेको छ । जमिन घटे पनि मलजल र किसानको मेहनतले उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

छ गाउँपालिका र चार नगरपालिका गरी १० स्थानीय तह भएको इलाममा माईजोगमाई र सन्दकपुर गाउँपालिकामा बढी मात्रामा अलैंचीखेती भए पनि सबै स्थानीय तहमा आंशिकरूपमा खेती हुँदै आएको छ । अलैंचीखेती समुद्री सतहबाट सात सयदेखि दुई हजार एक सय मिटर उचाइसम्म हुने गरेको छ भने यसको उत्पादन भिरालो, सेपिलो, ओसिलो र छहारी भएको जमिनमा धैरे हुने गरेको छ ।

# पुसमै फुल्यो लालीगुराँस



**टुडे समाचारदाता**

जाजरकोट । बाह्रै महिना सेताम्ये हुने हिमालमा कालापत्थर देखिन थालेको छ भने फागुन चैतमा फुल्ने लालीगुराँस पुसमै फुलेको छ । केही वर्षयतादेखि मङ्सिर-पुसमै लालीगुराँस फुल्न थालेको हो । केही वर्षअघिसम्म हिउँदमै लालीगुराँस फुलेको कहिल्यै थाह नपाएको भेरी नगरपालिका-२ तिमिलेका ९२ वर्षीय कर्णबहादुर वलीले बताए । उनले केही वर्षयतादेखि हिमालमा हिउँ पनि देखिन छोडेको जानकारी दिए ।

लालीगुराँस फुल्ने भेरी नगरपालिकाका तिमिले, डिँगा, राङ्सी, मछाइना, कुशेका पाँचकाटीया, समाइला, नलगाडको लहाँ, करुवा, डाँडागाउँ, बारेकोटका रामीडाँडालगायत गाउँमा प्रशस्तमात्रामा लालीगुराँस फुल्ने गरेका छन् । सबै लालीगुराँस नफुले पनि फाट्टफुट्टरुपमा लालीगुराँस फुलेको देख्न सकिने भेरी नगरपालिका-४ का ७७ वर्षीय खम्बजङ्ग शाहले बताए । पहिला यस्तो हुदैन्थ्यो, अहिले हिउँ पर्न पनि छोड्यो लालीगुराँस पनि पुसमै फुल्न थालेको छ । बाह्रै महिना सेताम्यै हुने यहाँका हिमालमा पनि हिउँ देखिन छोडेको छ ।

जाजरकोटका कुशेपाटन, कराँचुली, जलजला, बारेपाटनलगायत हिमालमा अहिले हिउँ देखिन छोडेको उनको भनाइ थियो । "अहिले हिउँ परेकाबेला मात्र हिमाल सेता देखिन्छ अरुबेला कालापत्थर देखिन थालेका छन्", शाहले भने, "यसैकारण हिउँ चितुवा, कस्तुरी, डाँफे, मुनाललगायतका जङ्गली पशुपक्षी लोप हुन थालेका छन् । चिसो र गर्मी अत्यधिक बढ्न थालेको छ ।" हिउँ नपर्दा फलफूलका बोटबिरुवा, गहुँ, जौलगायत हिउँदेबालीमा समेत असर पर्ने र उत्पादनमा ह्रास आउने स्थानीयवासीको भनाइ छ ।


## भूमिसुधार तथा मालपाते कार्यालय, धनुषाको

## ३५ दिने सार्वजनिक सूचना

यसमा मेरो बाबु जिल्ला धनुषा भरतपुर गा.वि.स. वडा नं. ९ हाल गणेशमान चारनाथ नगरपालिका न.पा. २ मा हस्ने छ्याना देर्जे तामाङ्गको मिति २०७२/०८/०४ गते आफ्नो कालगतिले मृत्यु भईसकेको र मृतकको शेषपछिको हकभोग खाने मृतकको र आमा सनसरी तामाङ्गको पनि मिति २०२० सालमै आफ्नो कालगतिले प्रलोक भैसकेको निज मृतकको शेष पछिको हकखाने हकदार हक खाने छोराको जाय जन्म नभएको निजको एकमात्र छोरी विष्णुमाया गोले भई अन्य छोरी तथा सौतेनी मामिला समेत नभएको र बाबुको पालन पोषण तथा मृत्यु पश्चात क्रियाक्रम समेत गरेको निवेदिकाको नागरिकताको बाबुको महलमा ध्यान दार्जे तामाङ्ग उल्लेख भएको हुँदा छ्यान दोर्जे तामाङ्ग र ध्यान दार्जे तामाङ्ग दुई नाम भएको एकै व्यक्ति रहेको हुँदा म निवेदीकाको नाउँमा तपसिलमा रहेको जग्गा एकलौटी नामसारी गरी पाउँ भनि माग निवेदन भएको र सोही अनुसारको गणेशमान चारनाथ नगरपालिका २ नं. वडा कार्यालयको च.नं. ५४० मिति २०८०/०८/१९ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसारको सनाखत भएको ।

यसमा जग्गा धनी मृत्यु पश्चात हकखाने यी निवेदीका बाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यि निवेदकको नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसंग भएको सबुत प्रमाण लिई दाबि उजुरि गर्न यस कार्यालयमा आउनु होला म्याद भित्र दावि उजुरी नपरी म्याद समाप्त भए पछि कानून बमोजिम मु.दे.स. २०७४ को परिच्छेद ११ को दफा २३९ (१) बमोजिम भईजाने व्यहोरा सबैमा यसै सूचनाद्वारा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | क्षे.फ. | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | भरतपुर | ९ख | ६१३ | ०-१-७-४ | |
| धनुषा | भरतपुर | ९ख | ६१४ | ०-१-७-४ | |
| धनुषा | भरतपुर | ९ख | ६१५ | ०-२-१४-८ | |
| धनुषा | यज्ञभुमी | ३ग | ५११ | ०-९-०-० | |

# उखुको रकम भुक्तानीले किसानलाई राहत



टुडे समाचारदाता

जलेश्वर । नजिकिँदो तिलासंक्रान्ति कसरी टारौँ भन्ने सोचेर जिङ्गाएका यहाँका उखु उत्पादक किसानलाई राहत मिलेको छ। जिल्लाको गौशाला नगरपालिका-१ रामनगरस्थित एभरेष्ट सुगर एण्ड केमिकल इण्डष्ट्रिज (बोलिचालीमा एभरेष्ट चिनी उद्योग) ले यही पुस १६ गतेसम्म तौल भएको उखुको पूरै भुक्तानी दिएपछि किसानलाई राहत मिलेको छ।

गत मंसिर २६ गते यसपालिको यामको तौल खोलेर पुस ४ गते चिनी उत्पादन थालेको उद्योगले यस अवधिमा तौल भएको उखुको पूरै भुक्तानी दिएको छ । गत सोमबारसम्म तौल भएको करिब पाँच लाख क्विन्टल उखुको भुक्तानी उद्योगले किसानलाई उपलब्ध गराएको छ। यस्तो भुक्तानी पाउने महोत्तरीबाहेक अन्य जिल्लाका किसान पनि छन् । पहिलो चरणमा १९ करोडभन्दा बढी रकम भुक्तानी गरिएको उद्योगले जनाएको छ।

"रमाइलो गरी मनाइने तिलासंक्रान्ति पर्व के गरी टारौँ भन्ने थियो, त्यस्तै गहुँखेती र अन्य चैतेबाली लगाउँदाको खर्च तिरोतारोको धौधौ परेका बेला उखुको रकम पाइयो", पहिलो चरणको उखुको भुक्तानी पाएपछि राहत महसुस गरेका महोत्तरी भङ्गाहा-४ का किसान हीरालाल महतोले बताए । पछिल्ला दुई तीन वर्षयता भुक्तानी क्रमशः सहज बन्दै आएपछि यस भेगमा उखुखेती फेरि बढ्दै गएको छ।

जिल्लाकै गौशाला-१० लक्ष्मीनियाँका किसान अरुण कुशवाहाले पनि ठीक समयमा भुक्तानी पाइँदा घरव्यवहार मिलाउन सजिलो भएको बताए। "विगतमा उखुको भुक्तानी पाउन झण्डै वर्ष दिन कुर्नुपर्थ्यो", कुशवाहा भन्छन्, "अहिले दुई साताभित्रै भुक्तानी भएको छ ।" उद्योगले भुक्तानी सहज बनाएपछि किसान फेरि उखुखेतीतिर हौसिएका उनको भनाइ छ।

विसं २०७२ सम्म महोत्तरीमा १८ हजार बिघासम्म पुगेको उखुखेती कहिल्यै समयमा भुक्तानी नपाएर किसानले दिक्क भएर छाड्दै जाँदा २०७५ सालमा यो खेती पाँच हजार बिघामा झरेको थियो। त्यसयता किसान, किसानसम्बद्ध उखु उत्पादक कृषक सङ्घ महोत्तरी र उखु उत्पादक महासङ्घ लगायतको निरन्तरको सङ्घर्षको परिणमले पछिल्ला दुई/तीन वर्षयता क्रमशः भुक्तानी सहज बन्दै गएपछि फेरि उखुखेती अलिअलि गरे बढ्दै गएको उखु उत्पादक कृषक सङ्घका अध्यक्ष नरेशसिंह कुशवाहा बताउछन् ।

जिल्लामा यसपाली उखुखेती सात हजार बिघाभन्दा बढीमा रहेको कुशवाहाको भनाइ छ। दुई साता नबित्दै तौल भएको उखुको पूरै भुक्तानी पाइएपछि किसान र उद्योगबीच विश्वास तथा भरोसा दुवै बढेको किसान बताउँछन्। उद्योगप्रति बढेको विश्वासले अहिले सर्लाही, रौतहट, बारा र धनुषाका किसानले पनि एभरेष्ट चिनी उद्योगलाई उखु दिन थालेका छन्।

सर्लाहीको कविलासीका किसान राजनारायण महतोले पोहोरदेखि नै एभरेष्ट चिनी उद्योगले भुक्तानी सहज बनाएको प्रतिक्रिया दिए। "हामी सर्लाहीका किसानले गत वर्ष यहाँबाट चाँडै भुक्तानी पाएका थियौँ र यसपाली पनि यही उखु दिन आयौँ", उनले भने- "यसपाली त झन हाताहाती नै जस्तो भुक्तानी भएको छ ।" अब उखुखेती बढाइँदै लगिने कुशवाहाको भनाइ छ।

उद्योगले भुक्तानी सहज बनाएसँगै आफूहरुका गुनासा सुन्ने, कटान पूर्जी वितरण सरल बनाउने, उद्योग परिसरमा उखु तौलाउन पुगेका किसान र सवारीसाधनको व्यवस्थापन तथा परिसरभित्र खानेपानी र शौचालयको व्यवस्थापनमा पनि उद्योगले यथाशक्य प्रबन्ध गर्दै लगेको किसान बताउँछन्।

आठ वर्ष पहिले २०७२ मा ५८ लाख क्विन्टलसम्म उखु क्रसिङ गरेको उद्योगमा उखु घट्दै गएर गत वर्ष २६ लाख क्विन्टलमा झरेको थियो । यसपाली गत वर्षभन्दा चार लाख क्विन्टल क्रसिङ बढ्ने उद्योगका महाप्रबन्धक सुरेन्द्र शुक्लाको भनाइ छ। बाह्य मुलुकबाट चिनी आयात नगरिए मुलुकमै उत्पादित चिनी बिक्ने र यसले किसानको भुक्तानीमा अझ सहजता ल्याउने शुक्ला बताउछन्।

यसपाली उद्योगले किसानलाई सरकारले तोकेअनुसार प्रतिक्विन्टल उखुको पाँच सय ६५ दिँदैछ । किसानले पाउने प्रतिक्विन्टल छ सय ३५ मध्ये ७० सरकारी अनुदान र पाँच सय ६५ उखुको मूल्य भन्ने सरकारले स्पष्ट पारेको छ। भुक्तानी सहज भए पनि उखु किसानका बिलौना भने अझै छन् । उखुको मूल्य निर्धारणमा सरकारले आफूहरुको मर्का नबुझेको किसान र किसानसम्बद्ध संस्थाका प्रतिनिधि बताउँछन्।

"उद्योगले क्रमशः भुक्तानी सहज बनाउँदै लगेको छ, यो सन्तोषकै कुरा छ", उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेशसिंह कुशवाहा भन्छन्-"तर मूल्य निर्धारणमा हामी ठगिएका छौँ ।" सरकारले उखुको मूल्य निर्धारण गर्दा चिनीको मूल्यवृद्धि अनुपात र खेतीको लागतलाई ख्यालै नगरी हचुवामा गरेको उनको गुनासो छ। यसपाली सात सय ५० प्रतिक्विन्टल उखुको मूल्य पाउनुपर्ने किसानसम्बद्ध सङ्घसंस्थाले माग गर्दै आए पनि सरकारले आफूहरुको रोदनको केही वास्तै नगरेको कुशवाहाको गुनासो छ।

## प्रादेशिक आर्थिक गतिविधि प्रतिवेदन सार्वजनिक

# मधेशबाट करिब दुई लाखले लिए श्रम स्वीकृति

टुडे समाचारदाता




जनकपुरधाम । नेपाल राष्ट्र बैंक जनकपुरधामले मधेश प्रदेशको आर्थिक गतिविधिको वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ।

समष्टिगतरुपमा मधेश प्रदेशको आर्थिक स्थितिलाई अध्ययन गरी नेपाल राष्ट्र बैंक जनकपुरधामले आर्थिक वर्ष ०७९/०८० को मधेश प्रदेशको वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ।

समष्टिगत आर्थिक स्थितिलाई नियाल्दै यस आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादन उपभोक्ताको मूल्यमा ५३ खर्ब ८१ अर्ब रुपैयाँ रहने बैंकले अनुमान गरेको छ। प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा ७ खर्ब ७ अर्ब रुपैयाँ रहने अनुमान गरिएको बैंकका निर्देशक अशोक घिमिरेले जनाए।

त्यस्तै कुल गार्हस्थ्य उत्पादन वृद्धि दर चालु आर्थिक वर्ष ०८०/०८१ मा राष्ट्रिय तहको उपभोक्ता मूल्यमा १.८६ प्रतिशत अनुमान गरिएकोमा मधेश प्रदेशको आर्थिक वृद्धिदर १.६९ प्रतिशत रहने अनुमान गरिएको छ।

मधेश प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान ३५.२ प्रतिशत कृषि क्षेत्रको छ भने सबैभन्दा कम योगदान ०.२ प्रतिशत खानी तथा उत्खनन क्षेत्रको रहेको सार्वजनिक गरिएको प्रतिवेदनमा उल्लेख गरिएको छ।

आर्थिक वर्ष ०७९/०८० मा मधेश प्रदेशमा प्रमुख कृषि उपज खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसलाले ढाकेको भू-क्षेत्रफलमा ३.१६ प्रतिशतले वृद्धि भइ १० लाख ३७ हजार ४४ हेक्टर पुगेको प्रतिवेदनमा उल्लेख छ।

यस्तै चालु आर्थिक वर्षमा प्रदेशको समग्र कृषि बालीहरू (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी र फलफूल तथा मसला) को कुल उत्पादनमा ३.२५ प्रतिशतले ह्रास आएको छ। जसले गर्दा ६१ लाख ८२ हजार १ सय ३४ मेट्रिक टन पुगेको जनाइएको छ।

मधेश प्रदेशमा समीक्षा वर्षमा दुग्ध उत्पादनमा १.७० प्रतिशत, मासुको उत्पादनमा १.३७ प्रतिशत, अण्डाको उत्पादन १.८८ प्रतिशत र माछाको उत्पादनमा ५.२७ प्रतिशत वृद्धि भएको जनाइएको छ। समीक्षा वर्षमा बैंक तथा वित्तीय संस्थाबाट मधेश प्रदेशको कृषि क्षेत्रमा प्रवाह भएको कुल कर्जाको १२.५५ प्रतिशत पुगी ५३ अर्ब ९५ करोड रुपैयाँ पुगेको जनाइएको छ।

त्यस्तै उद्योग क्षेत्र तर्फको समीक्षा वर्षमा मधेश प्रदेशका प्रमुख उद्योगहरूको उत्पादन क्षमता उपयोग औसतमा ५४.२५ प्रतिशत रहेको छ भने उत्पादन वृद्धि औसतमा ५.२३ प्रतिशत रहेको जनाइएको छ।

त्यस्तै समीक्षा वर्षमा मधेश प्रदेशमा बैंक तथा वित्तीय संस्थाबाट औद्योगिक क्षेत्रतर्फ प्रवाह भएको कुल कर्जा ७.३० प्रतिशतले वृद्धि भई १ खर्ब ९ अर्ब ५९ करोड रुपैयाँ पुगेको छ। मधेश प्रदेशको उद्योग क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये गैर-खाद्यवस्तु उत्पादन उद्योगतर्फ ५५ प्रतिशत, कृषि-वन तथा पेय पदार्थ उत्पादन उद्योगतर्फ ३१ प्रतिशत, धातुको उत्पादन, मेशिनरी तथा इलेक्ट्रोनिक्स एवम् धातुका सामान उत्पादनतर्फ ५ प्रतिशत, निर्माण उद्योगतर्फ ६ प्रतिशत, खानी उद्योगतर्फ २ प्रतिशत र विद्युत, ग्यास तथा पानी उद्योगतर्फ १ प्रतिशत कर्जा प्रवाह भएको सो प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै सेवा क्षेत्रतर्फ मधेश प्रदेशको पर्यटकस्तरीय होटलमा कार्यरत कर्मचारीहरूको संख्या र पर्यटकको आगमनमा क्रमशः ३६.९९ प्रतिशत र ५५.३७ प्रतिशतले वृद्धि भएको छ।

घरजग्गा रजिष्ट्रेसन संख्यामा ७५.२७ प्रतिशतले ह्रास भएको छ भने घर जग्गा रजिष्ट्रेशनबाट संकलित राजस्वमा २६.६ प्रतिशतले वृद्धि भएको छ।

त्यस्तै बैंक तथा वित्तीय संस्थाहरूले मधेश प्रदेशबाट संकलन गरेको कुल निक्षेप १३.२५ प्रतिशतले वृद्धि भइ २ खर्ब ९६ अर्ब ५० करोड रुपैयाँ पुगेको छ भने यस प्रदेशमा प्रवाह गरेको कर्जा ४.६८ प्रतिशतले वृद्धि भइ ४ खर्ब ५० अर्ब २१ करोड रुपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ।

त्यसैगरि पूर्वाधार र रोजगारी क्षेत्रतर्फको मधेश प्रदेशमा निर्माणाधीन र निर्माण हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजनाहरूमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना, पूर्व-पश्चिम रेलमार्ग आयोजना, हुलाकी राजमार्ग, काठमाण्डु तराई मधेश द्रुतमार्ग आयोजना र राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम रहेको सो प्रतिवेदनमा उल्लेख छ।

आर्थिक वर्ष ०७९/०८० को अन्त्यसम्ममा मधेश प्रदेशबाट श्रम स्वीकृति लिनेको संख्या १ लाख ८१ हजार ६ सय १३ रहेको छ जुन संख्या मुलुकभरिबाट श्रम स्वीकृति लिने संख्याको २३.५५ प्रतिशत रहेको वार्षिक प्रतिवेदनमा उल्लेख छ।

# 'लेमन टी' को व्यापारबाट मनग्य आम्दानी गर्दै थापा

टुडे समाचारदाता

वीरगञ्ज। सुर्खेतको विद्यापुर-४ घर भई वीरगञ्ज महानगरपालिकामा बस्दै आएका ५२ वर्षीय जङ्गबहादुर थापाले 'लेमन टी' (कागती राखेर बनाइएको चिया)को व्यापारबाट मनग्य आम्दानी गर्दै आएका छन् । उनले न ठूलो पूँजी लगाउनु पर्यो न त कुनै पसल नै सञ्चालन गर्नु परेको छ । उनको कमाइको स्रोत घुमफिर गरी लेमन टी बेच्ने व्यवसाय हो ।

वीरगञ्ज महानगरको घण्टाघर, मीनाबजार र माइस्थान क्षेत्रमा लेमन टी चियावालाको नामले परिचित थापाले बजार क्षेत्रका पसल, चोकचोक र सरकारी कार्यालयमा चिया पुर्‍याएर छ जनाको परिवारको जीविकोपार्जन गरिरहेको छ। विगत डेढ दशकदेखि यसरी नै लेमन टी बेच्दै आएका थापाले पाँच जना छोराछोरीको पढाइ खर्च पनि यही व्यवसायबाट जुटाइरहेका छन्।



"लेमन टी बेचेरै जेठो छोरालाई स्नातक (बिए) सम्म पठाएर बिहे गरी दिएँ। ऊ इन्टरनेट कम्पनीअन्तर्गतको अफिसमा काम गर्दैछ", थापाले भने, "पाँच छोराछोरीमध्ये जेठी छोरीलाई स्टाफ नर्स (पिसिएल नर्सिङ) पठाएर बिहे गरिदिएँ ।" थोरै लगानीबाट सुरु गरेको घुमफिर लेमन टी बेच्ने व्यवसायबाट परिवारको सम्पूर्ण खर्च चलेको उनको भनाइ थियो। गरिबी र पारिवारिक कारणले आफूले पढ्न नपाए पनि छोराछोरीलाई यो अवसरबाट वञ्चित गर्नुहुन्न भनेर सबैलाई उच्च शिक्षा दिएको उनले बताए।

घुमफिर चियाको व्यवसाय गर्दै आएका थापाले वीरगञ्ज आसपास क्षेत्रमा घरघडेरी जोड्ने तयारी गर्दै छन्। लेमन टी बेचेर दैनिक एक हजार पाँच सयदेखि दुई हजारसम्म कमाई हुँदै आएको उनले जानकारी दिए। "दिनमा दुईदेखि दुई सय ५० कपसम्म चिया बिक्री हुँदै आएको छ", उनले भने, "एक कपको १० पर्छ। यसरी दैनिक दुई हजार भन्दाबढी कमाइ भइहाल्छ।" स्वास्थ्यको दृष्टिकोणले उपयुक्त मानिने लेमन टीको माग बजारमा अत्यधिक रहेको भन्दै एक्लैले चिया पुर्‍याउन भ्याइनभ्याइ हुने गरेको उनको भनाइ थियो।

"चिया बेचेर थोरै बचत गरेर राखेको छु", थापाले भने, "विस्तारै यतै घडेरी किनेर घर बनाउने तयारी गर्दैछ।" परिवारिक अवस्थाका कारण केही समय भारतको पञ्जाव, हरियाना लगायतका सहरमा मजदुरी गरेर फर्किएका थापाले अरुको मजदुरी गर्नुभन्दा आफ्नै ठाउँमा सानो व्यवसायबाट काम सुरु गर्नु उपयुक्त हुने अनुभव सुनाए।

"अरुको देशमा मजदुरी गर्दा थुप्रै समस्या आउँछन् । अरुको अधिनमा बसेर काम गर्नुपर्दा कहिले बिरामी हुँदा पनि आराम पाइदैन", थापाले भने, "अहिले आफ्नो घुमफिरको व्यापार छ। स्वतन्त्र रुपमा जति मेहनत गर्छु त्यो हिसाबले आम्दानी हुन्छ। अहिले ढुक्क छु।" थोरै कमाए पनि स्वदेशमै मेहनत गरेर कमाउँदा सन्तुष्टी मिलेको उनको भनाइ थियो।

"विदेशमा गएर कडा मेहनत गर्दा पनि दुःख झेल्नुभन्दा परिवारका सदस्यसँगै बसेर कमाउनुको मज्जा बेग्लै छ", थापाले भने । स्वदेशमै मनग्य आम्दानी गर्न सकिन्छ भने विदेश किन जानु? उनले प्रश्न गरे । दूध हालेर बनाउने चियाले ग्यास्ट्रिक, डाइबिटिजलगायत स्वास्थ्यमा समस्या आउने भएकाले बजारमा धेरै मानिसको राजाइ लेमन टी भएको उनले जानकारी दिए।

स्वास्थ्यको दृष्टिकोणले पनि उयपुक्त हुने भएकाले पछिल्लो समय धेरैको आकर्षण लेमन टीप्रति बढेकाले थापाको घुमफिर चिया व्यापार फस्टाएको स्थानीय व्यापारी बताउँछन्। वीरगञ्जका स्थानीय व्यापारी कृष्णकुमार कानुले भने, "थापाले आयुर्वेदिक मसला हालेर लेमन टी बेच्ने गरेकाले पनि खान स्वादिष्ट र स्वास्थ्यको दृष्टिकोणले समेत राम्रो छ।" पसलपसलमा पुगेर अरुको तुलनामा सस्तोमा चिया दिने भएकाले पनि थापाको व्यापार फस्टाएको उनको भनाइ थियो।

केही वर्षयता विदेश जाने युवाको लर्को लम्ने गरेकामा थापाले स्वदेशमा नै कम लगानी गरेर पनि मनग्य आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेका छन्। बढी पैसा कमाउने लोभमा विदेश पलायन हुने युवाले थापाबाट पाठ सिकेर स्वादेशमै कमाउने बाटो खोज्नु जरुरी रहेको नागरिक समाजका अगुवा अशोक मेहतरले बताए।

# मुक्त हरवाचरवा सम्मेलन फागुन १२ देखि जनकपुरधाममा

टुडे समाचारदाता




जनकपुरधाम । राष्ट्रिय हरवाचरवा अधिकार मञ्चको राष्ट्रिय सम्मेलन जनकपुरधाममा हुने भएको छ । मञ्चका महासचिव लागेन्द्र सदाले आगामी फागुन १२ र १३ गते जनकपुरधामको रङ्गभूमि मैदान बाह्र बिघामा राष्ट्रिय सम्मेलनको आयोजना गर्नेगरी तयारीमा जुटेको जानकारी दिए।

यसअघि नयाँ नेतृत्व चयनका लागि गत असोज २७ देखि यही पुस २० गतेसम्म प्रदेशका आठवटै जिल्लामा सम्मेलन सम्पन्न गरेपछि फागुनमा राष्ट्रिय सम्मेलनका लागि तयारी सुरु गरिएको उनले बताए । मञ्चले धनुषामा असोज २७, सप्तरीमा मङ्सिर २९, सिराहमा यही पुस १२, पर्सामा १५, बारामा १६, रौतहटमा १८, सर्लाहीमा १९ र महोत्तरीमा २० गते जिल्ला सम्मेलनको आयोजना गरी नयाँ नेतृत्व चयन गरिसकेको छ।

जिल्ला सम्मेलनअघि मुक्त हरवाचरवा बाहुल्य यहाँका ६० भन्दा बढी पालिकामा पालिकास्तरीय सम्मेलन सम्पन्न गरिएको मञ्चका अगुवा एवं धनुषा जिल्ला अध्यक्ष राजदेव मुखियाले जानकारी दिए। "पालिका तथा जिल्लामा सम्मेलन सम्पन्न भएपछि अब हामी राष्ट्रिय सम्मेलनमा जुटेका छौँ। जहाँ हजारौँ मुक्त हरवाचरवा तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाका प्रतिनिधि एवं पर्यवेक्षकको सहभागिता रहने छ", उनले भने।

अभियानमा सहयोग गरिरहेको संस्था राष्ट्रिय दलित नेटवर्क (आरडिएन)का कार्यकारी निर्देशक हुकुमबहादुर सार्कीका अनुसार हरवाचरवाले यही सङ्गठनको सहयोगमा हरवाचरवा समस्याबाट मुक्तिका लागि आन्दोलन गर्दै सरकारको ध्यानाकर्षण गराउँदै आएको थियो । त्यही आधारमा सरकारले २०७९ साउन २ गते मुक्तिको घोषणा गरिसकेको छ।

सरकारले हरवाचरवाप्रथालाई नेपालको संविधान तथा विद्यमान कानुन र मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रविपरीत भएको स्वीकार गर्दै उनीहरूको नाममा रहेको अनुचित ऋणको खारेजी, लगत सङ्कलन, भूमि उपलब्ध गराउने, कसैले हरवाचरवा राखेको भेटिएमा कानुनी कारबाही गरिने उल्लेख गर्दै हरवाचरवा मुक्तिको घोषणा गरेको थियो।

तर सरकारका नीति तथा कार्यक्रम र बजेटमा हरवाचरवा पुनःस्थापनासम्बन्धी कुनै कार्यक्रम नल्याएको जनाउँदै सङ्गठनको अगुवाइमा निरन्तर आन्दोलन भइरहेको छ। यसैक्रममा गत वर्ष चैत २५ देखि २९ गतेसम्म राजविराज र वीरगञ्जबाट जनकपुरधामसम्म एकसाथ अधिकारयात्रा गर्दै सरकारको ध्यानाकर्षण गराइएको थियो। त्यही दबाबमा मधेश प्रदेश सरकार र २५ भन्दा बढी स्थानीय पालिकाले हरवाचरवाको लगत सङ्कलन तथा पुनःस्थापनासम्बन्धी कार्यक्रम घोषणा गरेका थिए। सो घोषणा पनि सार्थक ढङ्गले अघि नबढेको मञ्चले जनाएको छ।

मुक्त गरिएका हरवाचरवाको लगत सङ्कलन, प्रमाणीकरण गरी परिचयपत्र वितरण, कम्तीमा पाँच कठ्ठा जमिन, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षासहित पुनःस्थापनाको एकीकृत 'प्याकेज' घोषणा हुनुपर्नेलगायतका माग मुक्त हरवाचरवाले गरिरहेका छन्। सो कार्य गर्न प्रदेश सरकारले पुनःस्थापनासम्बन्धी निर्देशिका तथा कार्ययोजना मन्त्रिपरिषद्बाट पारित गर्नुपर्ने उनीहरूको मागअनुसार आवश्यक प्रक्रिया सुरु गरिसकेको भनेर प्रदेश सरकारका मन्त्रीहरूले जानकारी दिए पनि आफूहरू विश्वस्त हुन नसकेको मञ्चका महोत्तरी जिल्ला अध्यक्ष सावित्री सदाले बताइन्।

"सरकारका मन्त्रीले आवश्यक प्रक्रिया सुरु भइसकेको भन्छन् तर त्यसमा ठोस प्रगति नभएमा जनकपुरधामदेखि काठमाण्डु केन्द्रित आन्दोलन गर्ने योजनामा छौँ । त्यसको आधार तयार गर्न आगामी राष्ट्रिय सम्मेलन एक सशक्त माध्यम हुने हाम्रो विश्वास छ", उनले भने।

## वडा सदस्यहरु आन्दोलित

# सात बुँदे मागसहित नगरपालिकालाई सात दिने अल्टिमेटम

टुडे समाचारदाता

राजविराज । जनसरोकार तथा आफ्नो अधिकारसहितको सात बुँदे माग राखी राजविराज नगरपालिकाका वडा सदस्यहरु आन्दोलित भएका छन्।

कार्यवाहक नगरप्रमुखलाई आइतबार सात बुँदे मागसहितको ज्ञापनपत्र बुझाउँदै उनीहरुले सात दिनभित्र माँग पूरा नगरिए आन्दोलन चर्काउने चेतावनी समेत दिएका छन्।

१६ वटा वडा रहेको राजविराज नगरपालिकामा हाल ६३ जना वडा सदस्य छन्। जसमध्ये पहिलो दिनको कार्यक्रममा ४४ जनाको



सहभागिता रहेको वडा सदस्य रमानन्द देवले जानकारी दिए।

कार्यवाहक नगरप्रमुख इसरत परवीनलाई बुझाइएको सात बुँदे मागसहितको ज्ञापनपत्रको पहिलो नम्बरमा बिटेरी जग्गाको समस्या अविलम्ब समाधान गर्न माग गरिएको छ।

नगरको मुख्य बजार क्षेत्रमा वर्षौंदेखी बसोवास गर्दै आएका बिटोरी जग्गावाहक ५ हजार भन्दा बढी परिवार विगत सात वर्षदेखि समस्या पर्दा बिक्री गर्न र बैंकमा राखेर ऋण समेत लिन सकेका छैनन् । बुबा बाजे पालादेखि रहेको आफ्नो जग्गा समस्या पर्दा बैंकमा धितो राखेर ऋण समेत लिन नपाउँदा कतिपय समस्या परेका बेला साहु महाजनसँग चर्को ब्याजमा ऋण लिन बाध्य भएका छन्।

यस्तै नगरपालिकाको अधिकांश फाँटका कर्मचारी कार्यालय समयमै नआउने र आएकाले पनि पुरै समय नबस्ने, काममा ढिलासुस्ती, नगरसभाबाट पारित भएका योजनाहरुको एक साताभित्र सम्झौता र कार्यान्वयन, ढल निकास, डम्पिङसाइट, छाडा पशुचौपाया नियन्त्रण, काँजी हाउसको व्यवस्थापन तथा नगरको मुख्य क्षेत्रमा सीसीक्यामरा जडान लगायतका कार्य अविलम्ब सुरु गर्न माग गरिएको छ।

यस्तै नगरको सुरक्षाका लागि नगरप्रहरीको भर्ना, प्रहरी निकायको समन्वयमा प्रभावकारी रात्रि गस्तीको व्यवस्था तथा स्थानीय सरकार संचालन ऐनमा अधिकार प्रत्यायोजन सम्बन्धी भएको व्यवस्था अनुसार वडा सदस्यहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्ने माग समेत गरिएको छ।

उक्त मागहरु सात दिनभित्र पूरा नगरिए बाध्य भइ आन्दोलन चर्काउने र यसको सम्पूर्ण जिम्मेवारी नगरपालिका नै हुने ज्ञापनपत्रमा उल्लेख गरिएको छ।

ज्ञापनपत्र बुझ्दै कार्यवाहक नगरप्रमुख परवीनले उक्त समस्या समाधान गर्न आफू गम्भीर रहेको र छिट्टै बैठकबसी समाधान खोजिने प्रतिबद्धता जनाएकी थिइन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८